लेखापरीक्षण बुलेटिन

महालेखापरीक्षकको कार्यालयको प्रकाशन

वर्ष ९, अङ्क ३१, २०८३ आषाढ (Year 9, Issue 31 June/July - 2026)

महालेखापरीक्षकको कार्यालय



यसमित्र...

क्र.स.	शीर्षक	पेज नं.
१.	सम्पादकीय	२
२.	नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको कार्यक्रममा सहभागिता	२
३.	महालेखापरीक्षकको त्रिसट्टिऔं वार्षिक प्रतिवेदन पेस	६
४.	महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन (प्रदेश तर्फ)	१२
५.	अनवरत पेसागत शिक्षा कार्यक्रम २०८३	१५
६.	सल्लाहकार समितिको बैठक	१९
७.	सार्वजनिक लेखा समितिमा छलफल	२०
८.	लेखापरीक्षणको गुणस्तर र प्रभाव अभिवृद्धि सम्बन्धमा जिल्लागत छलफल	२२
९.	आन्तरिक लेखापरीक्षकहरूसँग अन्तर्क्रिया कार्यक्रम	२८
१०.	कार्यालयको अठसट्टिऔं वार्षिकोत्सव कार्यक्रम	२९
११.	वार्षिकोत्सव मूल समारोह कार्यक्रम	३५
१२	महालेखापरीक्षकको कार्यालयको प्रदेश कार्यालयहरू स्थापना	४६
१३.	प्रतिनिधि सभाका सदस्यहरूसँग छलफल	४७
१४.	माननीय महालेखापरीक्षकज्यूको शिष्टाचार भेटघाट	४८
१५.	यस अवधिमा स्वदेशमा तालिमसम्बन्धी विवरण	४९
१६.	यस अवधिमा भएका वैदेशिक तालिममा कार्यलयको तर्फबाट सहभागिता	५०

संरक्षक
माननीय महालेखापरीक्षक
श्री तोयम राया

सल्लाहकार
उप-महालेखापरीक्षक
श्री विन्दु विष्ट

सम्पादक मण्डल
संयोजक
नायब महालेखापरीक्षक
श्री प्रेमबहादुर मुडमेन

सदस्य
निर्देशक
श्री टीकानाथ अर्याल
श्री रमेश सुवेदी
लेखापरीक्षण अधिकारी
श्री तुलाराम पोखरेल
श्री दिपक आचार्य
श्री नारायण भट्टराई

लेआउट/डिजाईन
श्री खडोस सुनुवार

विशेष सहयोग
लेखापरीक्षण अधीक्षक
श्री प्रकाश विष्ट
श्री जीवन भण्डारी
कम्प्युटर अपरेटर
श्री अनिल कुमार दहित
श्री हरि अधिकारी

प्रकाशक
महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं ।
फोन नं. ०१-४७७१२७०
फ्याक्स नं. ०१-४२६८३०९
Email : oagnep@ntc.net.np
Website: oag.gov.np

प्रवक्ता
नायब महालेखापरीक्षक
श्री श्रीकुमार राई
सम्पर्क : ९८५१३५४००७
Email : aag.mgmt@oagnep.gov.np

सहायक प्रवक्ता/सूचना अधिकारी
निर्देशक
श्री रमेश सुवेदी
सम्पर्क : ९८५१३५४००६
Email : dir.admin@oagnep.gov.np

सम्पादकीय

नेपालको संविधानले कार्यपालिका,व्यवस्थापिक र न्यायपालिका भन्दा पृथक रहेर राज्यका शासकीय गतिविधिहरूको नियमन गर्नका लागि विभिन्न संवैधानिक निकायहरूको व्यवस्था गरेको छ। संविधानले गरेको व्यवस्थाअनुसार सार्वजनिक वित्त व्यवस्थापनमा अनुशासन पालना स्थिति मूल्याङ्कन गर्ने मुख्य जिम्मेवारी महालेखापरीक्षकको कार्यालयलाई रहेको छ। यही मर्मअनुसार यस कार्यालयले सार्वजनिक निकायहरूको लेखापरीक्षणको काम गर्दै आएको छ।

आर्थिक वर्ष २०८१/८२ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी नेपालको संविधानको धारा २९४ बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष माननीय महालेखापरीक्षकज्यूले महालेखापरीक्षकको कार्यालयको ६३औँ वार्षिक प्रतिवेदन पेश भएको छ। उक्त प्रतिवेदनअनुसार बेरुजु बढ्दै गएको देखिएकोले वित्तीय अनुशासनको पक्षमा सुधारको आवश्यकता रहेको स्पष्ट देखिन्छ। सम्माननीय राष्ट्रपतिज्यू तथा माननीय महालेखापरीक्षकज्यूले बेरुजु बढ्दै गएको विषयप्रति चिन्ता व्यक्त गर्दै सरोकारवाला निकायहरू बेरुजु न्यूनीकरणप्रति सचेत रहनुपर्ने बताउनुभएको छ । यसबाट सरकारी कारोबार गर्ने निकायका पदाधिकारीहरू थप जिम्मेवार र अनुशासित बन्नुपर्ने देखिन्छ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) द्वारा आयोजित पाँचौँ राष्ट्रिय लेखाव्यवसायी सम्मेलनको अवसरमा २०८३ वैशाख १६ गते माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले राख्नुभएको मन्तव्य

कार्यक्रमका सभापति तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) का अध्यक्षज्यू,

संस्थाका उपाध्यक्ष तथा परिषद् सदस्यहरू,

संस्थाका पूर्व अध्यक्षज्यूहरू,

विभिन्न नियमनकारी निकायका प्रमुख तथा प्रतिनिधिज्यूहरू,

एक्यान (ACAN) र अडान (AuDAN) का अध्यक्षज्यूहरू,

नेपाल सरकारका उच्च पदस्थ कर्मचारीहरू,

विशिष्ट अतिथिज्यूहरू,

सञ्चारकर्मी मित्रहरू, र

उपस्थित आदरणीय लेखाव्यवसायी साथीहरू।

नमस्कार अनि शुभ-प्रभात।

नेपालको आर्थिक पारदर्शिता, वित्तीय उत्तरदायित्व र सुशासन प्रवर्धनको अभिन्न अंगको रूपमा रहेको नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) ले आयोजना गरेको यस "पाँचौँ राष्ट्रिय लेखाव्यवसायी सम्मेलन" को उदघाटन समारोहलाई प्रमुख अतिथिको रूपमा सम्बोधन गर्न पाउँदा मलाई अत्यन्त गौरव महसुस भएको छ।

सर्वप्रथम, मुलुकको आर्थिक संकुचन र चुनौतीका बीच पनि लेखा व्यवसायको विकास र देशको समृद्धिको मार्गचित्र कोर्न यस्तो वृहत् सम्मेलन आयोजना गर्नुभएकोमा ICAN परिवारलाई म हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु। यो सम्मेलन केवल एउटा पेशागत जमघट नभई राष्ट्रको आर्थिक दिशा निर्देश गर्ने एक बौद्धिक मञ्च पनि हो।

२. सम्मेलनको सन्दर्भ र सान्दर्भिकता

यस सम्मेलनको मूल नारा "Strengthening Economic Trust and Economic Governance: Catalyzing Nepalese Economic Transformation" अर्थात् "विश्वास र आर्थिक सुशासनको सुदृढीकरण मार्फत नेपालको आर्थिक रूपान्तरण" छनौट गरिएको छ। यो नारा आजको नेपालको सन्दर्भमा अत्यन्तै सामयिक,



कार्यक्रमको उदघाटन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू

गम्भीर र रणनीतिक महत्वको छ।

हामी यस्तो समयमा छौं, जहाँ नेपालको अर्थतन्त्रले बाह्य र आन्तरिक दुवै क्षेत्रबाट अनेकन दबाबहरूको सामना गरिरहेको छ। एकातिर विश्वव्यापी रूपमा प्रविधिको विकास र जलवायु परिवर्तनले नयाँ चुनौतीहरू थपेका छन् भने अर्कोतिर आन्तरिक रूपमा सुशासनको प्रत्याभूति र आर्थिक विश्वासको पुनर्जागरण हाम्रो प्राथमिकता बनेको छ। यस्तो अवस्थामा लेखाव्यवसायीहरूको भूमिका अब केवल अङ्कहरूको हिसाब राख्रेमा मात्र सीमित छैन, तपाईंहरू अब आर्थिक रूपान्तरणको मुख्य संवाहक (Catalyst) बन्नुपर्ने बेला आएको छ।

३. आर्थिक विश्वास: समृद्धिको मेरुदण्ड

आदरणीय महानुभावहरू, कुनै पनि मुलुकको आर्थिक विकासको जग 'विश्वास' (Trust) मा अडिएको हुन्छ। जब नागरिकलाई राज्यको प्रणालीप्रति, लगानीकर्तालाई वित्तीय बजारप्रति र अन्तर्राष्ट्रिय जगतलाई हाम्रो पारदर्शिताप्रति विश्वास हुन्छ, तब मात्र आर्थिक गतिविधिहरूले गति लिन्छन्।

लेखापरीक्षक र लेखाव्यवसायीहरू नै त्यस्ता व्यक्तिहरू हुन् जसले यो विश्वास निर्माण गर्छन्। तपाईंहरूले प्रमाणित गरेका वित्तीय विवरणहरूका आधारमा नै बैंकले ऋण दिन्छ, लगानीकर्ताले शेयर किन्छ र सरकारले कर असुलीको योजना बनाउँछ। त्यसैले, तपाईंहरूको व्यावसायिक निष्ठा (Professional Integrity) प्रत्यक्ष रूपमा देशको 'आर्थिक विश्वास' सँग जोडिएको हुन्छ। यदि वित्तीय प्रतिवेदनहरूमा पारदर्शिता र सत्यता भएन भने त्यसले प्रणालीप्रति नै अविश्वास पैदा गर्छ, जसको मूल्य सिङ्गो राष्ट्रले चुकाउनुपर्ने हुन्छ।

४. आर्थिक सुशासन र महालेखा परीक्षकको कार्यालयको दृष्टिकोण

नेपालको संविधानले महालेखा परीक्षकको कार्यालयलाई सार्वजनिक स्रोतको उपयोगमा पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्ने संवैधानिक जिम्मेवारी सुम्पेको छ। हामीले गर्ने लेखापरीक्षणले केवल बेरुजु देखाउने मात्र होइन, बरु सार्वजनिक कोषको खर्चमा प्रभावकारिता, दक्षता र मितव्ययिता (Value for Money) कति कायम भयो भन्ने परीक्षण गर्दछ ।

अहिले हामीले लेखापरीक्षण प्रणालीमा केही आधारभूत परिवर्तनहरू सुरु गरेका छौं। हामीले 'परम्परागत लेखापरीक्षण' बाट माथि उठेर 'जोखिममा आधारित लेखापरीक्षण' (Risk-based Audit) र 'सूचना प्रविधिमा आधारित लेखापरीक्षण' लाई अवलम्बन गरिरहेका छौं। सार्वजनिक क्षेत्रको सुशासन बलियो बनाउन निजी क्षेत्रको लेखाप्रणाली पनि उत्तिकै सुदृढ हुनुपर्छ। ICAN ले विकास गरेका र कार्यान्वयनमा ल्याएका नेपाल लेखा मान र नेपाल लेखापरीक्षण मानहरूले सार्वजनिक र निजी दुवै क्षेत्रमा वित्तीय अनुशासन कायम गर्न ठूलो मद्दत पुऱ्याएका छन्।

तर, अझै पनि हाम्रो सार्वजनिक वित्त व्यवस्थापनमा केही गम्भीर चुनौतीहरू छन्। बजेट कार्यान्वयनको न्यून अवस्था, बढ्दो



बेरुजु र आन्तरिक नियन्त्रण प्रणालीको कमजोरीलाई सुधार गर्न लेखाव्यवसायीहरूको प्राविधिक सहयोग र सल्लाह नेपाल सरकारलाई सधैं आवश्यक पर्दछ।

५. आर्थिक रूपान्तरणमा लेखाव्यवसायीको भूमिका

आजको परिवेशमा लेखा व्यवसाय केवल हिसाबकिताब वा अनुपालनमा मात्र सीमित छैन। लेखाव्यवसायीहरू आज रणनीतिक सल्लाहकार, जोखिम व्यवस्थापक तथा परिवर्तनका वाहकका रूपमा स्थापित भएका छन्। उनीहरूले वित्तीय पारदर्शिता अभिवृद्धि, तथ्यमा आधारित नीतिनिर्माण, कर्पोरेट सुशासन सुदृढीकरण, वित्तीय अनुशासन प्रवर्द्धन, दिगो व्यवसाय अभ्यासको प्रोत्साहन लगायतका क्षेत्रहरूमा अहम् योगदान पुऱ्याइरहेका छन् ।

नेपाल आर्थिक रूपान्तरणतर्फ अग्रसर भइरहेको अवस्थामा लेखा व्यवसायीको भूमिका अझ महत्वपूर्ण बन्दै गएको छ।

आर्थिक रूपान्तरण र लेखाव्यवसायीको नयाँ भूमिका

यो सम्मेलनमा दुई दिनसम्म चल्ने सत्रहरूलाई नियाल्दा मैले यहाँहरूले नेपालको आर्थिक भविष्यका लागि अत्यन्तै महत्वपूर्ण विषयहरूमा केन्द्रित भएको पाएको छु।

- **नेपाललाई 'ग्लोबल एकाउन्टिङ आउटसोर्सिङ हब' बनाउने सोच:** हाम्रा जनशक्तिहरू विश्वका जुनसुकै देशका चार्टर्ड एकाउन्टेन्टहरूसँग प्रतिस्पर्धा गर्न सक्षम छन्। सूचना प्रविधिको विकाससँगै अब नेपालमै बसेर विश्वभरका ठूला कम्पनीहरूको वित्तीय व्यवस्थापन र लेखापरीक्षण सेवा प्रदान गर्न सकिने सम्भावना छ। यसले हाम्रो विदेशी मुद्रा सञ्चितिमा सहयोग पुऱ्याउने मात्र नभई बौद्धिक पलायन (Brain Drain) लाई पनि रोक्नेछ । यसका लागि आवश्यक पर्ने कानुनी र नीतिगत सहजीकरणका लागि महालेखा परीक्षकको कार्यालय र सरकार सकारात्मक रहनेछ।
- **डिजिटल रूपान्तरण र कृत्रिम बुद्धिमत्ता (AI):** अहिलेको युग डाटाको युग हो। लेखाव्यवसायीहरूले अब डाटा एनालिटिक्स र AI का औजारहरू प्रयोग गरेर सम्भावित वित्तीय अपराध र ठगी (Fraud) लाई समयमै पहिचान गर्न सक्नुपर्छ। डिजिटल अर्थतन्त्रमा पारदर्शिता कायम गर्नु तपाईंहरूको नयाँ चुनौती र अवसर दुवै हो।
- **दिगो विकास र ESG रिपोर्टिङ:** विश्वले अहिले 'दिगोपना' लाई प्राथमिकता दिएको छ। अबका दिनमा वित्तीय विवरणमा केवल नाफा र घाटा मात्र देखाएर पुग्दैन। कम्पनीहरूले वातावरण (Environment), समाज (Social) र सुशासन (Governance) का क्षेत्रमा के कस्ता काम गरे भन्ने कुराको रिपोर्टिङ पनि अनिवार्य हुँदैछ। नेपाल जस्तो



जलवायु परिवर्तनको जोखिममा रहेको देशका लागि यो झन् महत्वपूर्ण छ।

६. युवा नेतृत्व र पेशाको भविष्य

मलाई खुसी लागेको छ कि यस सम्मेलनमा युवा लेखाव्यवसायीहरूको सहभागिता उत्साहजनक छ। नेपालको राजनीति र प्रशासनमा जस्तै लेखा व्यवसायमा पनि युवाहरूको ऊर्जा र नवीन सोचको आवश्यकता छ। युवा साथीहरू, तपाईंहरूले यो पेशालाई केवल रोजगारीको रूपमा मात्र नलिनुहोस्, बरु यसलाई राष्ट्र निर्माणको एउटा कसमको रूपमा लिनुहोस्।

हाम्रा चार्टर्ड एकाउन्टेन्टहरूले आजको दिनमा ठूला कर्पोरेट हाउसहरू, बैंकहरू र सरकारी निकायहरूमा नेतृत्वदायी भूमिका निर्वाह गरिरहनुभएको छ। तपाईंहरूले देखाउने मार्गले नै भोलिको नेपालको आर्थिक चित्र कोर्नेछ।

७. ICAN र महालेखा परीक्षकको कार्यालयबिचको सहकार्य

ICAN र महालेखा परीक्षकको कार्यालय एकै सिक्काका दुई पाटा हुन्। हामी दुवैको साझा उद्देश्य भनेको मुलुकमा आर्थिक सुशासन र पारदर्शिता कायम गर्नु हो। हामीले आगामी दिनमा संयुक्त रूपमा सार्वजनिक क्षेत्रको लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्ने, क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्ने र लेखापरीक्षणका नयाँ मापदण्डहरू कार्यान्वयन गर्ने दिशामा थप समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

८. केही महत्वपूर्ण सुझावहरू

यस गरिमामय सम्मेलनको अवसरमा म यहाँ उपस्थित सम्पूर्ण लेखाव्यवसायीहरूलाई केही कुराहरू मनन गर्न आग्रह गर्दछु:

१. **नैतिकता (Ethics) नै सबैभन्दा ठूलो पुँजी हो:** एउटा लेखाव्यवसायीका लागि ज्ञानभन्दा पनि उसको चरित्र र नैतिकता महत्वपूर्ण हुन्छ। प्रलोभन वा दबाबमा नपरी स्वतन्त्र र निष्पक्ष भएर काम गर्ने साहस सधैं कायम राख्नुहोस्।

२. **प्रविधिमैत्री बन्नुहोस्:** बदलिँदो प्रविधिलाई आत्मसात नगर्ने हो भने हामी पछि पर्नेछौं। आफ्ना कार्यप्रणालीलाई पूर्ण रूपमा डिजिटल र स्वचालित बनाउनेतर्फ लाग्नुहोस्।

३. **साझा धारणा विकास गर्नुहोस्:** नेपालको अर्थतन्त्रका समस्याहरू के हुन् र तिनको समाधान कसरी गर्न सकिन्छ भन्नेमा सम्पूर्ण लेखाव्यवसायीहरूको एउटै स्वर हुनुपर्छ।

४. **आगामी मार्गचित्रः** नेपालको आर्थिक रूपान्तरणलाई तीव्रता दिन हामीले सार्वजनिक वित्त व्यवस्थापनमा पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि, नियामक तथा अनुगमन संयन्त्र सुदृढीकरण, नैतिकता र पेशागत इमान्दारिता प्रवर्द्धन, क्षमता विकास तथा निरन्तर पेशागत शिक्षा, प्रविधिको उपयोगमार्फत सुशासन सुदृढीकरण जस्ता महत्वपूर्ण पक्षहरूमा विशेष ध्यान दिन आवश्यक छ ।

यो सम्मेलनले यी विषयहरू समेटेर एउटा ठोस 'आर्थिक घोषणापत्र' तयार पार्नेछ भन्ने मेरो विश्वास छ।

अन्त्यमा, आर्थिक विश्वास र सुशासन कुनै एक व्यक्ति वा संस्थाको प्रयासले मात्र सम्भव छैन। यसका लागि नियामक निकाय, निजी क्षेत्र, सरकार र नागरिक समाज सबैको सामूहिक प्रतिबद्धता आवश्यक पर्छ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) ले आफ्नो स्थापना कालदेखि नै देखाउँदै आएको व्यावसायिकता र राष्ट्रप्रतिको समर्पण प्रशंसनीय छ। यस सम्मेलनका विभिन्न सत्रहरूमा हुने छलफलहरूबाट निस्कने निष्कर्ष र सुझावहरूले नेपाल सरकारलाई आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट निर्माणमा समेत महत्वपूर्ण मार्गदर्शन प्रदान गर्नेछन् भन्ने मैले अपेक्षा लिएको छु।

म यस पाँचौं राष्ट्रिय लेखाव्यवसायी सम्मेलनको पूर्ण सफलताको कामना गर्दछु। तपाईंहरू सबैको सक्रिय सहभागिता र रचनात्मक छलफलले नेपालको आर्थिक रूपान्तरणमा एउटा नयाँ इँटा थप्नेछ भन्ने मलाई विश्वास छ। पुनः एकपटक यो गरिमामय अवसर प्रदान गर्नुभएकोमा आयोजक टोलीलाई धन्यवाद दिँदै यो सम्मेलनको पूर्ण सफलताको कामना गर्दछु ।

महालेखापरीक्षकको ६३औँ वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश



सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको ६३औँ वार्षिक प्रतिवेदन पेस गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू



माननीय महालेखापरीक्षकज्यूद्वारा सम्माननीय राष्ट्रपतिज्यूलाई पुष्पगुच्छा प्रदान गर्नुहुँदै



सम्माननीय राष्ट्रपतिज्यू समक्ष महालेखापरीक्षकको ६३औँ वार्षिक प्रतिवेदन पेस गरिसकेपछि सामूहिक तस्विर

नेपालको संविधानको २४१ बमोजिम महालेखापरीक्षकको कार्यालयलाई तोकिएको काम, कर्तव्य र अधिकार अनुसार आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी २०८३ जेठ १ गते महालेखापरीक्षकको ६३औँ वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेश भएको छ।

राष्ट्रपतिको कार्यालय, महाराजगञ्जमा आयोजित एक कार्यक्रममा सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूसमक्ष माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले ६३ औं वार्षिक प्रतिवेदन पेश गर्नुभएको हो। प्रतिवेदन ग्रहण गर्नुहुँदै सम्माननीय राष्ट्रपतिज्यूले बेरुजु बढ्दै जानु चिन्ताको विषय भएको र बेरुजु न्यूनीकरण गर्न सम्बन्धित सबै जिम्मेवार हुनुपर्ने बताउनुभयो।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले राख्नुभएको मन्तव्य देहायअनुसार छ :

नमस्कार !

आज हामी नेपालको संविधानको धारा २४१ बमोजिम महालेखापरीक्षकलाई सुम्पिएको काम, कर्तव्य सम्पादन गरी संविधानको धारा २९४ बमोजिम सम्माननीयज्यू समक्ष महालेखापरीक्षकको ६३औँ वार्षिक प्रतिवेदन पेश गर्न उपस्थित छौं ।

सम्माननीयज्यू,

- विक्रम सम्वत् २०१६ साल आषाढ १५ गते संवैधानिक व्यवस्था बमोजिम संवैधानिक निकायको रूपमा सार्वजनिक स्रोत र साधनको परिचालन जवाफदेही पारदर्शी ढंगबाट भए नभएको बारे नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्न र सोबाट देखिएका बेहोराहरू प्रतिवेदन गर्ने जिम्मेवारी तोकी महालेखापरीक्षकको विभागको रुपमा यस कार्यालयको स्थापना भएको थियो । उक्त संवैधानिक व्यवस्था बमोजिम विक्रम सम्वत् २०२० सालमा तत्कालीन महालेखापरीक्षकबाट पहिलो पटक राष्ट्रप्रमुख समक्ष महालेखापरीक्षकको वार्षिक प्रतिवेदन पेश भएको थियो ।
- नेपालको संविधानको धारा २९४ को उपधारा २ को प्रावधान तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९ को उपदफा १ मा उल्लिखित विषयहरू समावेश गरी मेरो कार्यकालको तेस्रो एवं समग्रमा ६३ औँ वार्षिक प्रतिवेदन पेश गरेको छु।
- संविधानको धारा २९४ उपधारा ३ बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरिएको र उक्त प्रतिवेदन माननीय प्रदेशप्रमुख समक्ष पेश गरिनेछ ।
- त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० उपदफा २ बमोजिम लेखापरीक्षण सम्पन्न भएपश्चात् सम्बन्धित स्थानीय तहलाई लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ ।
- यस वार्षिक प्रतिवेदनमा लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएका बेरुजुको स्थिति, लेखापरीक्षणबाट देखिएको प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति, भविष्यमा गर्नुपर्ने सुधार र कार्यालय गतिविधिलाई अलग अलग परिच्छेदमा प्रस्तुत गरेको छु।
- सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरू समावेश गरी वार्षिक प्रतिवेदनको सारांश समेत तयार गर्नुका साथै वार्षिक प्रतिवेदनको सारांश, इन्फोग्राफिक्स, कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण र सङ्गठित तथा संघीय कानुनद्वारा तोकिएका संस्थाको लेखापरीक्षणको छुट्टाछुट्टै प्रतिवेदन कार्यालयको वेबसाइटमार्फत प्रकाशित गरिने छ ।

सम्माननीयज्यू,

अब म लेखापरीक्षण व्यवस्थापनको विषयमा केही बेहोरा संक्षेपमा प्रस्तुत गर्दछु ।

- आर्थिक वर्ष २०८१।८२ को कारोबारको लेखापरीक्षणलाई व्यवस्थित र गुणस्तरीय बनाउन जोखिममा आधारित रही स्वीकृत गरिएको वार्षिक लेखापरीक्षण योजना, २०८२, निकायगत एवं कार्यालयगत योजना समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ।
- वार्षिक लेखापरीक्षण योजनाका अतिरिक्त वार्षिक लेखापरीक्षण नीति तथा कार्यतालिका तर्जुमा गरी सोको जानकारी सम्बन्धित लेखाउत्तरदायी अधिकृतलाई गराइएको थियो। साथै नेपाल सरकारका मुख्य सचिव, सङ्घीय संसदका महासचिव, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, नेपाल सरकारका लेखा उत्तरदायी अधिकृत तथा सुरक्षा निकायका प्रमुखको उपस्थितिमा उक्त नीति तथा कार्यतालिकाको सम्बन्धमा अन्तरक्रिया तथा छलफल समेत गरिएको थियो ।
- लेखापरीक्षण ३ चरणमा सम्पन्न गरिएको थियो। प्रथम चरण अन्तर्गत २०८२ श्रावणको तेस्रो हप्तादेखि संयुक्त लेखापरीक्षण टोलीबाट एवं दोस्रो र तेस्रो चरणमा विभागगत तथा विशिष्टीकृत लेखापरीक्षण टोलीबाट लेखापरीक्षण गरिएको थियो ।
- नेपालको संविधान, लेखापरीक्षण ऐन र अन्य प्रचलित कानुनको अधीनमा रही अन्तर्राष्ट्रिय असल अभ्यास बमोजिम स्वीकृत नेपाल लेखापरीक्षणमान अनुसार यस अवधिमा ५ हजार ५२६ निकाय/कार्यालयको लेखापरीक्षण सम्पन्न भएको छ । सो मध्ये ४ हजार ६५७ कार्यालयको विस्तृत लेखापरीक्षण विधिबाट लेखापरीक्षण गरिएको छ ।
- यस अवधिमा कार्यालयको जनशक्ति र कानुन बमोजिम प्रमाणपत्र प्राप्त पेशागत लेखापरीक्षकहरू नियुक्त गरी ३८ वटा पूर्ण सरकारी स्वामित्व भएका सङ्गठित संस्थाको ४७ आर्थिक वर्षको र सङ्घीय कानुनद्वारा तोकिएका ६ संस्थाको ७ आर्थिक वर्षको लेखापरीक्षण भएको छ ।
- नेपालको संविधान र लेखापरीक्षण ऐन २०७५ को प्रावधान अनुरूप परामर्श उपलब्ध गराई नियुक्त लेखापरीक्षकबाट ४० वटा अधिकांश सरकारी स्वामित्व भएका सङ्गठित संस्थाहरूको ४६ आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गरी

पेश भएको लेखापरीक्षण प्रतिवेदनका बेहोरा सम्बन्धमा सम्बन्धित संस्थालाई आवश्यक निर्देशन दिइएको छ।

- सोको अलावा यो वर्ष १५ विषयमा कार्यमूलक, १ विषयको वातावरणीय र १ विषयको विशेष लेखापरीक्षण गरिएको छ ।
- यस प्रतिवेदन तयार गर्न लेखापरीक्षणको लागि खटिएको टोलीबाट प्राप्त बेहोरा, सार्वजनिक लेखा समितिबाट प्राप्त सुझाव, तीनै तहका सरकारका पदाधिकारीहरूसँगको छलफल, कार्यालयको रणनीतिक योजना तथा समकक्षी पुनरावलोकन प्रतिवेदनले दिएको सुझावलाई समेत मध्यनजर गरी यो प्रतिवेदन तयार गरिएको छ ।

सम्माननीयज्यू,

अब म लेखापरीक्षणको पारदर्शिता र गुणस्तर सुनिश्चित गर्न सम्पादन भएका केही बेहोरा प्रस्तुत गर्दछु ।

- विभिन्न चरणमा लेखापरीक्षणको लागि स्थलगतरुपमा टोली खटिएको सम्बन्धमा कार्यालयको वेबसाईट र देशमा रहेका विभिन्न एफ. एम. रेडियोबाट सूचित गराइएको र सार्वजनिक स्रोत साधानको प्राप्ति, उपयोग तथा सोबाट प्राप्त उपलब्धिको परीक्षण गर्न सघाउ पुग्ने सूचना, जानकारी, विवरण वा प्रमाण लेखापरीक्षण टोलीलाई उपलब्ध गराउन अनुरोध गरिएको थियो।
- लेखापरीक्षणको स्वतन्त्रता, निष्पक्षता एवं वस्तुपरकता कायम गर्दै गुणस्तरीय लेखापरीक्षण कार्य भएको सुनिश्चित गर्न लेखापरीक्षणको विधि, प्रक्रिया र प्रतिवेदन व्यवस्थामा गर्नुपर्ने सुधार वा लेखापरीक्षण टोलीको कार्यको सन्दर्भमा कुनै सुझाव तथा गुनासो भएमा कार्यालयको टोल फ्री नम्बरमा रेकर्ड गराउन वा म आफैंले मात्र प्राप्त गर्ने गरी संचालन गरिने email मा पठाउन सक्ने व्यवस्था मिलाएको थिएँ।
- लेखापरीक्षण कार्यलाई थप पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने उद्देश्यले यो वर्ष तीन चरणको स्थलगत लेखापरीक्षण अवधिमा ४ पटक भर्चुअल माध्यमबाट सरोकारवालाहरूसँग अन्तरक्रिया कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा एकपटकमा २६५ देखि ७०० जनासम्मको सहभागिता थियो।

सम्माननीयज्यू,

- यस अवधिमा उदयपुर र धनकुटा जिल्लामा लेखापरीक्षण, बेरुजु फर्स्यौंट तथा सम्परीक्षण सम्बन्धमा जिल्लाका स्थानीय तहका जनप्रतिनिधि तथा कार्यालय प्रमुखहरूको उपस्थितिमा जिल्ला सदरमुकाममा छलफल तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको थियो। यसरी स्थलगत संवाद, सूचनाको आदान प्रदान र सरोकारवालासँगको सहकार्यद्वारा लेखापरीक्षण कार्यमा विश्वसनीयता तथा गुणस्तरीयता कायम हुने कार्यालयले विश्वास लिएको छ।
- नेपाल नगरपालिका सङ्घद्वारा सुदूरपश्चिम प्रदेशको धनगढी र कोशी प्रदेशको विराटनगरमा आयोजित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरू सहभागी रहेको नगर सुशासन र वित्तीय अनुशासन कार्यक्रममा सहभागी भई लेखापरीक्षण, बेरुजु फर्स्यौंट तथा सम्परीक्षणसम्बन्धी विविध विषयमा जानकारी प्रदान गरिएको थियो। त्यसैगरी गाउँपालिका राष्ट्रिय महासङ्घले आयोजना गरेको १९ जिल्लाका कार्यक्रममा कार्यालयको प्रतिनिधि सहभागी भई लेखापरीक्षण व्यवस्थापन, बेरुजु तथा सम्परीक्षण सम्बन्धमा कार्यपत्रमार्फत प्रबोधीकरण र सहभागीको जिज्ञासा सम्बोधन गरिएको थियो।

सम्माननीयज्यू,

महालेखापरीक्षकको कार्यालय सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरूमा सक्रिय रूपमा सहभागी हुँदै आएको छ ।

- अरब गणतन्त्र इजिप्टमा २०८२, कार्तिकमा सम्पन्न भएको इन्टोसाईको २५ औं महासभामा यस कार्यालयबाटसमेत सहभागिता रहेको थियो।
- ज्ञान तथा अनुभव अदानप्रदान कार्यलाई प्रश्रय दिन, लेखापरीक्षण मान विकास गर्न र क्षेत्रीय तथा भौगोलिक चुनौतीहरूलाई सम्बोधन गर्न इन्टोसाई तथा एसोसाईले विशिष्टीकृत कार्य समूह परिचालन गर्दै आइरहेको छ।
- महालेखापरीक्षकको कार्यालय इन्टोसाईका अनुगमन लेखापरीक्षण कार्य समूह (WGFA), इन्टोसाइका पेसागत मानदण्ड तथा घोषणाहरू निर्धारण गर्ने समूह (FIPP), प्राविधिक सहयोग समिति (ICC) र एसोसाईका क्षेत्रीय तथा स्थानीय सरकारको लेखापरीक्षण कार्य समूह (WGRMA), सार्वजनिक संस्थान लेखापरीक्षण कार्य समूह (WGSOEA), सूचना प्रविधि लेखापरीक्षण तथा तथ्याङ्क विश्लेषण पद्धति (WGITADA) र वातावरणीय लेखापरीक्षण कार्य समूह (WGEA) मा सहभागी भै भूमिका निर्वाह गरिरहेको छ।
- उल्लिखित अन्तर्राष्ट्रिय संस्थासँगको सहकार्यमा रही विभिन्न कार्य समूहका कार्य गर्दा कार्य समूहगत क्षेत्रका विशिष्टीकृत क्षेत्रको लेखापरीक्षण ज्ञान आर्जन भई संस्थागत क्षमता अभिवृद्धि भएको छ ।

सम्माननीयज्यू,

अब म यस प्रतिवेदनमा समावेश प्रमुख विषयवस्तुहरू यहाँ प्रस्तुत

गर्ने अनुमति चाहन्छु:

१. **समष्टिगत लेखापरीक्षण**

➢ यो वर्ष ५ हजार ५२६ कार्यालयको रू.९४ खर्ब ८४ अर्ब ५० करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो मध्ये:

- सङ्घीय मन्त्रालय तथा निकायतर्फ ३ हजार ५० कार्यालयको रू.२९ खर्ब १७ अर्ब ९५ करोड,
- प्रदेश मन्त्रालय तथा निकायतर्फ १ हजार १२४ कार्यालयको रू.३ खर्ब २० अर्ब ३० करोड,
- स्थानीय तहतर्फ ७२१ को रू.११ खर्ब ९ अर्ब ५२ करोड
- समिति र अन्य संस्था, प्रदेशतर्फ समेत ५७७ को रू.४ खर्ब ४७ अर्ब ७७ करोड,
- सङ्गठित तथा संघीय कानुनद्वारा तोकिएका ४४ संस्थाको ५४ आर्थिक वर्षको रू.४६ खर्ब ८८ अर्ब ९६ करोड रहेको छ।

२. **आ.व. २०८१/८२ को बेरुजु**

➢ यो वर्ष लेखापरीक्षणबाट कुल बेरुजु रू. ८८ अर्ब ९ करोड ११ लाख कायम भएको छ। सो मध्ये:

- सङ्घीय सरकारी कार्यालयको रु. ५३ अर्ब ४८ करोड ७७ लाख
- प्रदेश सरकारी कार्यालयको रु. ५ अर्ब २२ करोड ८७ लाख
- स्थानीय तहको रु. १९ अर्ब ४ करोड ७७ लाख
- समिति तथा अन्य संस्थाको रु. १० अर्ब ३२ करोड ७० लाख रहेको छ ।
- लेखापरीक्षणबाट कुल बेरुजु दफा सङ्ख्या १ लाख ८७ हजार ९१४ देखिएको मध्ये ९४ हजार ४३८ दफा सैद्धान्तिक र ९३ हजार ४७६ दफा लगती रहेका छन्।

३. **अद्यावधिक बेरुजु**

➢ सङ्घीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह र संस्थातर्फ लेखापरीक्षणबाट औंल्याइएको अद्यावधिक बेरुजु रू.७ खर्ब ५५ अर्ब १७ करोड रहेको छ। सो मध्ये:

- सङ्घीय सरकारी कार्यालयहरूको रु.३ खर्ब ७८ अर्ब ५४ करोड
- प्रदेश सरकारी कार्यालयहरूको रु.३३ अर्ब ९६ करोड
- स्थानीय तहको रु.२ खर्ब २० अर्ब ४७ करोड
- समिति र अन्य संस्था (प्रदेश समेत) को रु.१ खर्ब २२ अर्ब २० करोड रहेको छ ।
- अद्यावधिक बेरुजु गत वर्ष भन्दा २.९९ प्रतिशतले बढेको छ।

४. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फको बेरुजुका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाहीटुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.७ खर्ब ८७ अर्ब ८६ करोड ३ लाख रहेको छ।

५. **बेरुजु सम्परीक्षण**

➢ यो वर्ष रु.६३ अर्ब १२ करोड ९५ लाख बेरुजु सम्परीक्षण भएको छ । सो मध्ये:

- सङ्घीय सरकारी कार्यालयहरूको रु.४७ अर्ब ४४ करोड ३५ लाख
- प्रदेश सरकारी कार्यालयहरूको रु.१ अर्ब ७४ करोड १६ लाख
- स्थानीय तहको रु.७ अर्ब ८६ करोड ४२ लाख
- समिति र अन्य संस्था(प्रदेश समेत) को रु.६ अर्ब ८ करोड २ लाख रहेको छ ।
- वार्षिक प्रतिवेदन पेस गर्नु पूर्व कार्यालयमा प्राप्त भएका बेरुजु फर्स्यौंटका सबै अनुरोधहरू टुङ्ग्याइएको छ। तत्पश्चात् सङ्घीय मन्त्रालय तथा निकाय, प्रदेश मन्त्रालय तथा निकाय र स्थानीय तहसमेत ९०२ वटा राय एवं सुझावसहितको प्रतिवेदन जारी गरिएको छ।

६. **लेखापरीक्षणको प्रभाव**

➢ यो वर्षको लेखापरीक्षणबाट कुल रू.१४ अर्ब ६३ करोड २७ लाख असुल भई सम्बन्धित राजस्व खातामा दाखिला भएको छ । सो मध्ये:

- लेखापरीक्षणको क्रममा रू.५७ करोड ६९ लाख,
- प्रारम्भिक प्रतिवेदन पठाएपछि रू.९० करोड ४८ लाख
- सम्परीक्षणको क्रममा रु. १३ अर्ब १५ करोड १० लाख असुल भएको छ।

७. **महालेखापरीक्षकको दृष्टिमा वित्तीय उत्तरदायित्व**

यो वर्ष कार्यालयको लेखापरीक्षणबाट देखिएका समग्र बेहोराहरूका अनुसार लेखापरीक्षणको दृष्टिमा उत्तरदायित्वको अवस्थालाई शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक सम्पत्ति व्यवस्थापन, सार्वजनिक वित्त व्यवस्थापन, विकाश व्यवस्थापन, सार्वजनिक प्रशासन, सूचना प्रविधि र सुशासन समूहमा राखी विश्लेषण गरिएको छ।

सम्माननीयज्यू,

- महालेखापरीक्षकको वार्षिक एवं अन्य प्रतिवेदनको कार्यान्वयनबाट सरकार तथा सार्वजनिक निकायमा पारदर्शिता, जवाफदेहिता र निष्ठा प्रवर्धन हुने विश्वास लिएको छु । यद्यपि प्रतिवेदनमा उल्लिखित बेहोरा तथा सुझावहरूको अपेक्षित कार्यान्वयन नहुँदा सोही प्रकृतिका बेहोराहरूको पुनरावृत्ति भइरहेको छ । तसर्थ प्रतिवेदनहरू यथासमयमा सङ्घीय संसद, प्रदेश सभा र गाउँ/नगरसभामा पेस भई सोको कार्यान्वयनको प्रत्याभूति हुने अपेक्षा समेत गरेको छु।
- लेखापरीक्षणको गुणस्तर र प्रभावकारिता अभिवृद्धिका लागि वित्तीय तथा सङ्गठनात्मक स्वायत्तता समेत आवश्यक पर्ने हुँदा सोका लागि सङ्घीय संसद र नेपाल सरकारबाट थप सहयोग र समर्थनको अपेक्षा गर्दछु।

अन्तमा,

- कार्यसम्पादनको क्रममा सम्माननीय राष्ट्रपतिज्यू, सम्माननीय उपराष्ट्रपतिज्यू, सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायाधीशज्यू, प्रतिनिधि सभाका सम्माननीय सभामुखज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यूलगायतबाट प्राप्त मार्गदर्शन, सङ्घीय संसद, प्रदेश सभा, संवैधानिक निकाय, सबै तहका सरकार, सार्वजनिक संस्था, लेखापरीक्षण सल्लाहकार समिति, विकास साझेदार, नागरिक समाज, सञ्चारकर्मी, आम नागरिकबाट प्राप्त सुझावप्रति आभार व्यक्त गर्दछु।
- सम्माननीयज्यू समक्ष यो प्रतिवेदन पेश गर्न सहजीकरण तथा व्यवस्थापन गरिदिनु भएकोमा सम्माननीयज्यूका सल्लाहकारज्यूहरू, सचिवज्यू तथा कर्मचारी परिवार, सञ्चारकर्मी तथा महालेखापरीक्षकको कार्यालयका सबै कर्मचारीहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु।

धन्यवाद !

सम्माननीय राष्ट्रपतिज्यू समक्ष प्रतिवेदन पेश भएपछि सोही दिन कार्यालयमा पत्रकार सम्मेलन भएको थियो। पत्रकार सम्मेलनका केही झलक (तस्वीर) हरू:







प्रदेश कार्यालयहरूको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण गरी तयार गरिएको महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन २०८३ सम्बन्धित प्रदेश प्रमुखहरू समक्ष पेस

प्रदेश : कोशी
मिति : २०८३/२/१९
प्रतिवेदन पेश गर्ने पदाधिकारी : नायब महालेखापरीक्षक श्री श्रीकुमार राई
प्रतिवेदन ग्रहण गर्ने प्रदेश प्रमुख : माननीय श्री परशुराम खापुङ्ग



प्रदेश : मधेश
मिति : २०८३/२/६
प्रतिवेदन पेश गर्ने पदाधिकारी : नायब महालेखापरीक्षक श्री ताराप्रसाद पाण्डे
प्रतिवेदन ग्रहण गर्ने प्रदेश प्रमुख : माननीय श्री सुरेन्द्र लाभ कर्ण



प्रदेश : बागमती

मिति : २०८३/२/६

प्रतिवेदन पेश गर्ने पदाधिकारी : नायब महालेखापरीक्षक श्री घनश्याम काफ्ले र

प्रतिवेदन ग्रहण गर्ने प्रदेश प्रमुख : माननीय श्री दीपक प्रसाद देवकोटा



प्रदेश : गण्डकी

मिति : २०८३/२/७

प्रतिवेदन पेश गर्ने पदाधिकारी : नायब महालेखापरीक्षक श्री श्यामप्रसाद भण्डारी

प्रतिवेदन ग्रहण गर्ने प्रदेश प्रमुख : माननीय श्री डिल्लीराज भट्ट



प्रदेश : लुम्बिनी

मिति : २०८३/२/७

प्रतिवेदन पेश गर्ने पदाधिकारी : नायब महालेखापरीक्षक श्री रामप्रकाश महतो

प्रतिवेदन ग्रहण गर्ने प्रदेश प्रमुख : माननीय श्री कृष्ण बहादुर घर्ती



प्रदेश : कर्णाली

मिति : २०८३/२/७

प्रतिवेदन पेश गर्ने पदाधिकारी : उपमहालेखापरीक्षक श्री घनश्याम पराजुली

प्रतिवेदन ग्रहण गर्ने प्रदेश प्रमुख : माननीय श्री यज्ञराज जोशी



प्रदेश : सुदूरपश्चिम

मिति : २०८३/२/७

प्रतिवेदन पेश गर्ने पदाधिकारी : नायब महालेखापरीक्षक श्री थवराज अधिकारी

प्रतिवेदन ग्रहण गर्ने प्रदेश प्रमुख : माननीय श्री नजिर मियाँ



अनवरत पेशागत शिक्षा कार्यक्रम (CPE) तालिम २०८३

लेखापरीक्षणको अन्तर्राष्ट्रिय असल अभ्यास अनुसार लेखापरीक्षणको काममा खटिने लेखापरीक्षकलाई निरन्तर प्रशिक्षण दिनुपर्ने व्यवस्था यस कार्यालयले पनि लागु गर्दै आएको गरिएको छ। लेखापरीक्षणमा खटिनुपूर्व प्रत्येक लेखापरीक्षकले हरेक वर्ष कम्तीमा १८ क्रेडिट आवरको तालिम लिनुपर्ने व्यवस्था छ। यस वर्षको CPE तालिम सम्बन्धी विषय विस्तृत विवरण देहाय अनुसार छ ।

जम्मा सहभागी प्रशिक्षार्थी संख्याः ४१८

तालिम अवधि : २०८३।०२।४ देखि१८ गतेसम्म, कायलयको सातौं र दोस्रो तलामा सहभागीहरूलाई २ वटा समूह समूह तथा ६ वटा फरक फरक उपसमूहमा विभाजन गरी सञ्चालन भएको थियो।

अनवरत पेशागत शिक्षा कार्यक्रमका विषय तथा प्रशिक्षकहरू

क्र.सं.	सम्बन्धित विषय	प्रशिक्षकहरू
१.	कार्यालयको समग्र रणनीतिक कार्यदिशा	श्री बिन्दु विष्ट
२.	पेशागत नैतिक आचरण सम्बन्धी व्यवस्थाहरू र सोको अनुगमन	श्री बालकृष्ण थापा
३.	गुणस्तर व्यवस्थापन र कार्यालयले गर्नुपर्ने प्रमुख कार्यहरू (ISSAI १४० Updated)	श्री वैकुण्ठ बहादुर अधिकारी
४.	प्रारम्भिक प्रतिवेदन लेखन सीप (लेखापरीक्षणका आधार, प्रमाण, भाषागत विषय)	श्री हुमनाथ सुवेदी/श्री प्रितम बागदास

५.	सार्वजनिक खरिद (खरिद सूचना प्रकाशन, बोलपत्र/प्रस्ताव प्राप्ती र मूल्याङ्कन तथा खरिद सम्झौता, म्याद थप, भेरिएसन अर्डर, मूल्य समायोजन, कार्य स्वीकार, खरिद सम्झौता समाप्ती)	श्री कृष्णराज पन्थ श्री महेश गुरागाई श्री विजयकुमार महतो
६.	नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिम वित्तीय विवरण तयारी र प्रस्तुतीकरण	श्री डिलाराम गिरी श्री सुमन खतिवडा श्री गोकुल बास्तोला श्री घनश्याम पराजुली
७.	वित्तीय लेखापरीक्षणका मानदण्ड र निर्देशिकाहरू	श्री सुशिलराज खनाल श्री कमल सिलवाल
८.	कार्यमूलक लेखापरीक्षण सिद्धान्त र प्रयोग	श्री नीर प्रसाद सुवेदी
९.	सार्वजनिक खरिद — परामर्श सेवा (खरिद सूचना प्रकाशन, प्रस्ताव प्राप्ति र मूल्याङ्कन तथा खरिद सम्झौता, म्याद थप लगायत)	श्री प्रभातकुमार झा
१०.	लेखापरीक्षण सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको दृष्टिकोण र सहकार्य	श्री रमेश कुमार के.सी.




को कार्यालय
OR GENERAL, NEPAL


महालेखापरीक्षकको कार्यालय
OFFICE OF THE AUDITOR GENERAL, NEPAL




महालेखापरीक्षकको कार्यालय
OFFICE OF THE AUDITOR GENERAL, NEPAL

सल्लाहकार समितिको बैठक



बैठक सम्पन्नपश्चात सामूहिक तस्वीर

२०८३ असार १ गतेका दिन महालेखापरीक्षकको कार्यालयको सभाकक्षमा लेखापरीक्षण सल्लाहकार समितिको २६औं बैठक सम्पन्न भयो। यस बैठकमा महालेखापरीक्षकको ६३औं वार्षिक प्रतिवेदन तथा वार्षिक लेखापरीक्षण योजना,२०८३ तयारी सम्बन्धमा छलफल भयो।

कार्यक्रममा मन्तव्य राख्नुहुने सल्लाहकार समितिका सदस्यज्यूहरूले यस कार्यालयले सम्पादन गरेको काम तथा बेरुजु सम्बन्धमा नागरिकहरू र उच्च सार्वजनिक पदमा आसिन व्यक्तिहरू समेत सचेत नरहेको हुँदा यस बारेमा कार्यालयले ध्यान दिनुपर्ने धारणा राख्नुभएको थियो। लेखापालन र लेखापरीक्षणबिचको भिन्नता सम्बन्धमा सार्वजनिक पदमा आसिन व्यक्तिहरूलाई सुसूचित गर्नुपर्ने उहाँहरूको धारणा रहेको थियो।

कार्यक्रममा आफ्नो धारणा राख्दै कतिपय सदस्यहरूले आफू प्रदेश तथा स्थानीय तहहरूमा भ्रमणमा जाँदा महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षणका लागि खटिने टोलीसँग समयको अपर्याप्तताका कारण सम्परीक्षणको काम गर्न नभ्याएको भन्ने गुनासो रहेकोले फिल्डमा जाने टोलीलाई लेखापरीक्षणका लिग पर्याप्त समय दिनुपर्ने सुझाव दिनुभएको थियो। यस्तै बेरुजुको लेखन तथा वर्गीकरणमा एकरुपता कायम गर्नुपर्ने धारणासमेत उहाँहरूले राख्नुभएको थियो।

६३औं वार्षिक प्रतिवेदनका सम्बन्धमा धारणा राख्दै सदस्यहरूले वार्षिक प्रतिवेदनले धेरै विषयहरू समेटेको, प्रतिवेदनको आकार केही ठुलो भएकाले पठनयोग्य नभएको भन्ने गुनासो आउने हुनाले प्रतिवेदनको गुणस्तर कम नहुने गरी प्रतिवेदनलाई अलि छरितो बनाउनेतर्फ ध्यान दिनुपर्ने सुझाव दिनुभएको थियो।

वार्षिक लेखापरीक्षण योजना तयारी गर्दा फिल्ड अडिट भन्दा डेस्क अडिट गर्ने निकाय तथा कार्यालयहरूको सङ्ख्या बढाउनुपर्ने, नयाँ वार्षिक योजना तयार गर्दा निर्माण सम्बन्धी विषयहरूको कार्यमूलक लेखापरीक्षण गर्नुपर्ने, कार्यमूलक तथा परिपालनाको लेखापरीक्षणलाई जोड दिनुपर्ने, विस्तृत परियोजना प्रतिवेदन (DPR) तथा सूचना प्रविधि प्रणालीहरूको तथ्याङ्क सुरक्षा र सोर्स कोडसम्बन्धी विषयहरूसमेत लेखापरीक्षण गर्नुपर्ने विषयमा सुझाव दिनुभएको थियो।

माननीय महालेखापरीक्षकज्यूले बैठकमा सक्रिय सहभागिताका लागि उपस्थित सबै सदस्यहरूलाई धन्यवाद दिँदै वहाँहरूको सुझावलाई मनन् गरिने कुरा उल्लेख गर्नुभएको थियो । सल्लाहाकार समितिका सदस्यहरूलाई आफ्नो विज्ञताको विषयमा कार्यालयलाई आवश्यक परेको खण्डमा थप सहयोगका लागि समेत वहाँले अनुरोध गर्नुभएको थियो।

सार्वजनिक लेखा समितिमा छलफल



संघीय संसद, प्रतिनिधिसभाको सार्वजनिक लेखासमितिमा महालेखापरीक्षकको ६३औँ वार्षिक प्रतिवेदन तथा अन्य समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया भएको छ । २०८३ जेठ ८ गते सार्वजनिक लेखा समितिको सभाकक्षमा सम्पन्न भएको उक्त कार्यक्रममा ६३औँ वार्षिक प्रतिवेदनका अतिरिक्त महालेखापरीक्षक सम्बन्धी संवैधानिक व्यवस्था, महालेखापरीक्षकको कार्यालयको संगठन संरचना र जनशक्तिको विद्यमान अवस्था, लेखापरीक्षण प्रतिवेदनउपर उठ्ने प्रश्नहरू तथा अन्य समसायिक विषयमा छलफल तथा अन्तरक्रिया सम्पन्न भएको छ।

कार्यक्रमको सुरुवातमा यस कार्यालयका नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले ६३औँ वार्षिक प्रतिवेदन अनुसार लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीणबाट देखिएको बेरुजुको अवस्था तथा भविष्यमा गर्नुपर्ने सुधार समेतका विषयहरू एवं लेखापरीक्षण सम्बन्धित अन्तर्राष्ट्रिय असल अभ्यासहरू समेत समेटिएको प्रस्तुतीकरण राख्नुभएको थियो । आफ्नो प्रस्तुतिका क्रममा उहाँले सार्वजनिक क्षेत्रको लेखापरीक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय रूपमा सहमति भएको Mexico तथा Lima Declaration का विषयहरू, लेखापरीक्षणको चक्र, लेखापरीक्षणको प्रभाव लगायतका विषयहरू समेत प्रष्ट पार्नु भएको थियो।

खुला सत्रमा बोल्दै सार्वजनिक लेखा समितिका माननीय सदस्यहरूले लेखापरीक्षण, बेरुजु, बेरुजु फर्स्यौट तथा सम्परीक्षण सम्बन्धमा विभिन्न जिज्ञासा राख्नु भएको थियो ।

यस क्रममा वहाँहरूले महालेखापरीक्षकको कार्यालयको विद्यमान क्षमता तथा लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न समितिले गर्नुपर्ने सहयोग, कार्यालयको कार्यबोझ तथा जनशक्तिको अवस्था, हरेक वर्ष बेरुजु वृद्धि हुनुका कारण, बेरुजु असुल/फर्स्यौटको कार्य सन्तोषजनक नहुनुका कारण, २०८२ भाद्र २३ र २४ को अन्दोलनका क्रममा जलेका स्रेस्ताको लेखापरीक्षण, राष्ट्रिय गौरवका आयोजनाहरूको कार्य प्रगतिमा भएका ढिलाइका कारण, सार्वजनिक खरिद अनुगमन कार्यालयको प्रणाली e-GP लगायत अन्य सूचना प्रविधि प्रणालीहरूमा अनधिकृत पहुँच तथा प्रणालीहरूको सुरक्षा स्थिति परीक्षण गर्न सक्ने कार्यालयको क्षमता, पोखरा तथा भैरहवा विमानस्थल निर्माण सम्बन्धमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उठाइएका विषयहरू लगायतमा जिज्ञासा राख्नुभएको थियो ।

सार्वजनिक लेखासमितिका माननीय सदस्यज्यूहरूले राख्नुभएको जिज्ञासाहरूको सम्वोधन गर्दै माननीय महालेखापरीक्षकज्यूले हामीसँग सूचना प्रविधि विज्ञ, इन्जिनियर जस्ता प्राविधिक जनशक्ति नरहेको, हाम्रा कर्मचारीहरू स्थलगत लेखापरीक्षणमा खटिँदा कार्यालय समय





अघि-पछि (साँझ, बिहान) समेत खटिनुपर्ने अवस्था रहेको विषयमा जानकारी गराउनुभएको थियो ।

बेरुजु न्यूनीकरणका लागि जिम्मेवार पदाधिकारी तथा निकायहरूले बेरुजु फर्स्यौंटमा थप पहल गर्नुपर्ने साथै महालेखापरीक्षकको वार्षिक प्रतिवेदन समितिमा समयमै छलफल गर्नुपर्ने, समितिबाट भएका निर्णय तथा निर्देशनहरू कार्यान्वयन स्थितिको नियमित अनुगमन गर्नुपर्ने, कतिपय कानुनमा द्विविधापूर्ण तथा अस्पष्ट व्यवस्थाहरू रहेकोले त्यसमा एकरुपता ल्याउनुपर्ने धारणा समेत माननीय महालेखापरीक्षकले राख्नुभयो । यसैगरी कार्यालयबाट समय-समयमा सूचना प्रविधि प्रणालीहरूको विशेष लेखापरीक्षण समेत गर्ने गरिएको, उल्लिखित विमानस्थलहरूको लेखापरीक्षणबाट सुधार गर्नुपर्ने बेहोराहरू गत विगतका प्रतिवेदनहरूमा औंल्याइएको जानकारी दिनुहुँदै लेखापरीक्षण सम्बन्धमा हाम्रो कार्यालयले सुधार गर्नुपर्ने पक्ष तथा लेखापरीक्षकहरूको आचरण तथा व्यवहार सम्बन्धमा कुनै गुनासा भए सो सम्बन्धमा जानकारी गराउन समेत उहाँले माननीय सदस्यहरूलाई अनुरोध गर्नुभएको थियो ।



लेखापरीक्षणको गुणस्तर र प्रभाव अभिवृद्धि तथा नागरिक सहभागितात्मक लेखापरीक्षण सम्बन्धी अन्तरक्रिया कार्यक्रम

यस कार्यालयबाट लेखापरीक्षणको गुणस्तर र प्रभाव अभिवृद्धि तथा नागरिक सहभागितात्मक लेखापरीक्षण सम्बन्धी जिल्लास्तरीय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको छ। २४ जिल्लामा सञ्चालन गर्ने लक्ष्य रहेको यो कार्यक्रम पहिलो चरणमा कोशी प्रदेशका ३ जिल्ला र गण्डकी प्रदेशका ३ जिल्लामा सञ्चालन गरिएको छ।

सञ्चालित कार्यक्रमको विवरण

क्र.स.	मिति	कार्यक्रम संचालन भएको जिल्ला	कार्यालयबाट सहभागी
१	२०८३ जेठ १९-२०	तनहुँ	• निर्देशक श्री टीकानाथ अर्याल • निर्देशक श्री योग्यप्रसाद राई • लेखापरीक्षण अधिकारी श्री दिपक आचार्य • लेखापरीक्षण अधीक्षक श्री प्रकाश विष्ट
२	२०८३ जेठ २१-२२	लमजुङ	
३	२०८३ जेठ २५-२६	गोरखा	
४	२०८३ जेठ २०-२१	इलाम	• नायब महालेखापरीक्षक श्री श्रीकुमार राई • निर्देशक श्री प्रकाश कुमार खत्री • निर्देशक श्री निषभ शाक्य • लेखापरीक्षण अधीक्षक श्री चन्द्रकुमार मगर
५	२०८३ जेठ २२-२३	पाँचथर	
६	२०८३ जेठ २५-२६	ताप्लेजुङ	



गण्डकी प्रदेशमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्दै निर्देशक श्री योग्यप्रसाद राई



गण्डकी प्रदेशमा सञ्चालित कार्यक्रममा धारणा राख्दै निर्देशक श्री टीकानाथ अर्याल

अन्तरक्रिया कार्यक्रममा जिल्लास्थित स्थानीय तहका प्रमुख, उप-प्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरू, प्रदेश कार्यालयका कार्यालय प्रमुखहरू, तीनै तहका सरकारी कार्यालयका लेखा प्रमुखहरू, नागरिक समाज संस्था तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरू एवं सञ्चारकर्मीहरू समेतको सहभागिता रहेको थियो। कार्यक्रम अन्तर्गत लेखापरीक्षण, लेखापरीक्षण प्रतिवेदन तथा बेरुजु, बेरुजु फर्स्यौट तथा सम्परीक्षण, लेखापरीक्षणको गुणस्तर तथा प्रभाव अभिवृद्धिका लागि सरोकारवालाहरूको भूमिका, लेखापरीक्षणमा नागरिक सहभागिता सम्बन्धमा छलफल तथा अन्तरक्रिया भएको थियो । यसै गरी तीनै तहका कार्यालयका लेखा प्रमुखहरूलाई नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) सम्बन्धी अभिमुखीकरण समेत सञ्चालन गरिएको थियो । कार्यक्रममा सहभागीहरूले उठाउनुभएका





प्रमुख गुनासा तथा सुझावहरू देहायअनुसार छन्:

- लेखापरीक्षणको प्रतिवेदन लेखन तथा बेरुजु वर्गीकरणमा एकरूपता नरहेको ।
- हुने गरेको, त्यस्तो त्रुटि सच्याउन अनुरोध गर्दा समयमै सुधार हुने नगरेको ।
- असुल/दाखिला भएका, नियमित गरिएका तथा प्रमाण/





- लेखापरीक्षण नतिजामूलकभन्दा प्रकृयामूलक हुने गरेको ।
- लेखापरीक्षकहरू प्रायः हतारमा हुने, सेस्ता कागजात अध्ययन/परीक्षणमा पर्याप्त समय दिने नगरेको ।
- लेखापरीक्षण प्रतिवेदनमा बेरुजु अङ्कमा गणितीय त्रुटि समेत





पुष्ट्याइँ पेश भएका कतिपय बेरुजु सम्परीक्षण नभएको ।

- कानुन तथा कार्यविधि बनाएर गरिएको कतिपय खर्च (कर्मचारी प्रोत्साहन, विभिन्न अनुदान लगायत) समेत बेरुजु हुने गरेको ।
- संगठन तथा व्यवस्थापन (O & M) सर्वेक्षण प्रतिवेदन तयार गरी सभाबाट पारित गरी मुख्यमन्त्री कार्यालयमा पेश गरिएको अवस्थामा पनि शिक्षा तथा स्वास्थ्य सेवा सञ्चालनका लागि अत्यावश्यक भई भर्ना गरिएका कर्मचारीहरूको तलब, भत्ता





रकम बेरुजु हुने गरेको।

- दहत्तर/बहत्तरको राजस्व बाँडफाँट सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐनमा रहेको प्रावधान खारेज भए तापनि प्रदेश सञ्चित कोषमा सो बापतको रकम नपठाएको भनी बेरुजु औंल्याउने गरिएको ।





- लेखापरीक्षणका क्रममा टिपोट गरिएका विषयवस्तु छलफल नगरी प्रतिवेदन जारी हुने गरेको।
- बहिर्गमन बैठकमा प्रारम्भिक प्रतिवेदनको पूर्ण मस्यौदा प्रस्तुत नहुने तथा दफावार छलफल हुने नगरेको ।
- पर्याप्त छलफल नहुँदा कानुन तथा नियमसम्मत विषय/कारोबार पनि बेरुजुको रूपमा उल्लेख हुने गरेको ।
- गाउँ/नगर सभाबाट पारित कार्यक्रममा समेत बेरुजु औंल्याउने गरिएको (जस्तैः आमा समूह भवन, सामुदायिक भवन, आर्थिक सहायता आदि) ।
- कार्यालय/निकायबाट कार्यान्वयन हुन नसक्ने विषयमा समेत बेरुजु (सैद्धान्तिक) औंल्याउने गरिएको ।
- योजना तथा कार्यक्रम सञ्चालनका व्यावहारिक पक्षमा लेखापरीक्षकले ध्यान दिने नगरेको ।
- लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन समयमै जारी हुने नगरेको ।
- महालेखापरीक्षकको वेबसाइटमा स्थानीय तहको मात्रै विस्तृत प्रतिवेदन प्रकाशित हुने र मिडिया लगायतले सोको दुरुपयोग गर्ने गरेको।
- संपरीक्षण नियमित रूपमा हुने व्यवस्था गर्नु पर्ने ।
- धेरै पुराना बेरुजु फछ्यौट गर्न नयाँ कर्मचारी कागजात श्रेष्ता फेला पार्न पनि कठिन हुने भएकाले जसको समयमा बेरुजु सृजना भएको हो, फर्स्यौटको लागि बेरुजु सृजना हुदाँका बखत कार्यरत कर्मचारीलाई समेत जिम्मेवार बनाउन आवश्यक रहेको ।
- हाम्रो अभिलेख व्यावस्थापनमा कमजोरी रहेके, अनुभवी तथा दक्षता हासिल गरेका कर्मचारीहरू सेवा निवृत्त भएपछि

संस्थागत स्मरणको अभावमा अभिलेखहरू नभेटिने अवस्था छ । यस्तो अवस्थामा सामान्य प्रचलित कानुनले स्पष्ट निर्देशन नगरेका कारण कार्यालय सञ्चालनमा जटिल समस्या आउने गरेको छ यसको कुनै समाधान छ कि ?

- कार्यालयहरूको आन्तरिक लेखापरीक्षण तथा महालेखापरीक्षकको कार्यासम्पादनमा एकरुपता हुनुपर्ने र कार्यसम्पादन एकरुपताको जाँच गर्ने व्यवस्था गरिनु पर्ने।
- लेखापरीक्षण सम्बन्धी आधारभूत ज्ञान बारेमा सेवाग्राहीलाई जानकारी गराउन कार्यशाला गोष्ठीहरू सञ्चालन गर्नु पर्ने
- साधारण अड्डा अदालत हुलाक जस्ता कार्यलयमा हाजिर नगरेको आधारमा धेरै वर्ष अगाडि देखिको वेरुजु आइरहेको छ । यसको सुधारको उपायका रूपमा :
- लेखा समूहका कर्मचारीमा प्रकृया खोज्ने लगायत आचारमा सुधार गर्नुपर्ने,
- वेरुजु फर्स्यौंटका लागि कार्यालय प्रमुख अग्रसर हुनुपर्ने र अन्य कर्मचारी र लेखा कर्मचारीले पूर्ण सहयोग भएमा वेरुजु फर्स्यौंटमा प्रगति हुने,
- कम्प्युटर प्रणाली र मानवीय बौद्धिकतासँगै समन्वय सहकार्य र सम्बन्धमा पूर्ण कार्यान्वयन गर्न कार्यन्वयनमा जोड दिने उपाय छिटो छरितो कार्यान्वयन हुनु पर्ने
- वित्तीय अनुशासनका लागि दण्ड र पुरस्कारको पूर्ण कार्यान्वयन गर्नुपर्ने,









- विषयगत रुपमा अन्तिम लेखा परीक्षण जनशक्ति व्यावस्थापन भए राम्रो हुने थियो, जस्तैः स्वास्थको छुट्टै टोली, पूर्वाधार सम्बन्धी छुट्टै, साधारण कार्यालहरूको छुट्टै, एकै टोलीले सबै प्रकारको कार्यालयको लेखापरीक्षण गर्दा सो सम्बन्धी प्राविधिक ज्ञानको कमीले बेरुजु वढी भएको महशुस गरेको देखियो,
- लेखापरीक्षण टोली वन, पुर्वाधार विकास, जस्ता विषयगत क्षेत्रका ऐन, कानुन, कार्यविधिमा जानकार भएर आउनुपर्ने आदि ।

उठेका गुनासा तथा सवालहरूको जवाफ कार्यालयको तर्फबाट कार्यक्रम सञ्चालन गर्न जानुभएका कर्मचारीहरूले दिनुभएको थियो।










Green Ilam
इलाम नगरपालिका
इलाम
कोशी प्रदेश, नेपाल




REDMI NOTE 13
09/06/2026 11:21




REDMI NOTE 13
05/06/2026 11:25


REDMI NOTE 13
05/06/2026 12:00

आन्तरिक लेखापरीक्षकहरूसँग अन्तरक्रिया

२०८३।२।२२ गते महालेखापरीक्षकको कार्यालयमा आन्तरिक लेखापरीक्षणमा संलग्न रहने संघ आन्तरिक लेखापरीक्षहरूसँग अन्तरक्रिया सम्पन्न भएको छ। यस कार्यक्रको उदघोषण नायब महालेखापरीक्षक श्री प्रेम वहादुर मुङ्गमेनज्यूले गर्नुभएको थियो भने स्वागत मन्तव्य उपमहालेखापरीक्षक श्री बिन्दु विष्टज्यूले गर्नुभएको थियो।

उपमहालेखापरीक्षक श्री बिन्दु विष्टज्यूले आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेमा अन्तिम लेखापरीक्षण कार्यमूलक र विशेष लेखापरीक्षण तर्फ केन्द्रित हुन सक्ने तथा आन्तरिक लेखापरीक्षणले हेर्ने विषय अन्तिम लेखापरीक्षणबाट थप हेर्न नपर्ने अवस्था सिर्जना गर्नुपर्ने धारणा राख्नुभएको थियो। यस्तै कार्यक्रममा महालेखा नियन्त्रक श्री शोभाकान्त पौडेलज्यूले यस प्रकारका छलफलबाट सरकारको वित्तीय व्यवस्थापन दक्षता सुधार गर्ने माध्यम हुने, महालेखा नियन्त्रक कार्यालयको काममा ध्यान पुग्न नसकेका विषय वा सुधारका विषय ग्रहण गरिने, आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी वनाउन सदैव लागिरहने बताउनुभयो। कार्यक्रममा उपमहालेखापरीक्षक श्री बैकुण्ठ वहादुर अधिकारीले प्रभावकारी लेखापरीक्षणबाट Good governance कायम गर्न सघाउ पुऱ्याउने, Financial management मा सार्वजनिक विश्वास र प्रभावकारिता कायम गर्न लेखापरीक्षणको महत्वपूर्ण भूमिका हुने, लेखापरीक्षणमा गुणस्तरीयता कायम गर्न लेखा राख्रे, मलेप फारामहरूको प्रयोग, संसोधन गर्नु पर्ने अवस्था समेत विश्लेषण सहित सुधार गर्ने, आन्तरिक लेखापरीक्षकको प्रयोग गरी वित्तीय लेखापरीक्षण गरिने विश्वव्यापी अभ्यास रहेको यस विषयमा थप अन्तरक्रिया हुनु पर्ने, प्रोदभावी लेखा राख्रे तर्फ अगाडि बढ्नु पर्ने, आन्तरिक लेखापरीक्षणले औंल्याएका विषय अन्तिम लेखापरीक्षण अघि टुंग्याउनु पर्ने, नियमितताको आधारमा लेखापरीक्षण गर्दा सुधार गर्न सकिने धेरै विषय समावेश हुने, सुशासन कायम गर्ने कार्यमा योगदान पुऱ्याउन दुवै पक्षको महत्वपूर्ण भूमिका हुने धारणा राख्नुभएको थियो। कार्यक्रममा यस कार्यालय तथा महालेखा नियन्त्रक कार्यालयको तर्फबाट प्रस्तुतीकरण समेत भएको थियो।







६८औँ वार्षिक उत्सव कार्यक्रम

यो वर्ष कार्यालयको स्थापना २०१६ साल असार १५ गते भएको सम्झनामा महालेखापरीक्षकको कार्यालयको ६८औँ वार्षिक उत्सव मनाइएको छ । यस वर्षको वार्षिक उत्सव कार्यक्रम सञ्चालन गर्नका लागि उपमहालेखापरीक्षक श्री पदमराज पौडेलेको संयोजकत्वमा १५ सदस्यीय वार्षिक उत्सव मूल समारोह समिति गठन गरिएको थियो। वार्षिक उत्सवका अवसरमा निम्नानुसारका क्रियाकलाप सञ्चालन भएका छन्:

क्र.स.	मिति	कार्यक्रम
१	असार १० गते १०:३० बजे	प्रवचन कार्यक्रम
२	असार १० गते ३ बजे	म्युजिकल चेयर कार्यक्रम
३	असार ११ गते १० बजे	हाजिरी जवाफ कार्यक्रम
४	असार १२ गते १० बजे	स्वास्थ्य परीक्षण तथा रेडक्रससँगको सहकार्यमा रक्तदान कार्यक्रम
५	असार १२ गते २ बजे	● कर्मचारीहरूलाई २५ वर्षे दीर्घ सेवा सम्मान र अवकाश प्राप्त कर्मचारीलाई विदाई कार्यक्रम ● हाजिरी जवाफ तथा म्यूजिकल चेयर कार्यक्रमका विजेतालाई पुरस्कार तथा प्रमाणपत्र वितरण ● रक्तदाताहरूलाई प्रमाणपत्र वितरण
६	असार १५ गते ११ बजे	वार्षिक उत्सव मूल समारोह कार्यक्रम

प्रवचन कार्यक्रम- सकारात्मक सोच तथा तनाव व्यवस्थापन सम्बन्धी प्रवचन कार्यक्रमका लागि कार्यालयले आचार्य श्री ओशो अखण्डज्यूलाई आमन्त्रण गरेको थियो । कार्यालयको सातौँ तल्लाको सभाहलमा सम्पन्न उक्त कार्यक्रममा माननीय महालेखापरीक्षकज्यू, चारै जना उपमहालेखापरीक्षकज्यू लगायत कार्यालयका अन्य कर्मचारीहरूको उपस्थिति रहेको थियो। प्रवचनका क्रममा आचार्यज्यूले यस कार्यालयले देशको आर्थिक अनुशासन कायम गराउने जिम्मा पाएको हुँदा कार्यालयका सबै कर्मचारीहरू सर्वप्रथम आफू नै शारीरिक र मानसिक रुपमा सन्तुलित हुनुपर्ने धारणा राख्नुभएको थियो। पछिल्लो समय कामको चापका कारण धेरै कर्मचारी तथा अन्य व्यक्तिहरूलाई अनिद्रा तथा मानसिक समस्या देखिन थालेको बताउनुहुँदै उहाँले ध्यान तथा योगको माध्यमबाट सकारात्मक सोचको विकास गर्दै मानसिक तनाव कम गर्न सकिने बताउनुभयो।



हाजिरी जवाफ प्रतियोगिता- असार ११ गते सम्पन्न हाजिरी जवाफ प्रतियोगितामा यस कार्यालयका कर्मचारीहरूमध्येबाट गठित १० टोली सहभागी भएका थिए। प्रत्येक टोलीमा ३ सदस्य रहनुभएको थियो। लेखापरीक्षण अधिकारी श्री अर्जुन गिरीद्वारा सञ्चालित हाजिरी जवाफका धेरैजसो प्रश्नहरू सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित साथै समसामयिक विषयका प्रश्नहरू समेत रहेका थिए। ऱ्यापिड फायर तथा अडियो भिजुअल राउण्डले कार्यक्रमलाई थप रोचक बनाएको थियो। कार्यक्रममा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने टोलीहरू निम्नानुसार रहेका छन् :-



सि.नं.	नाम थर	पद	स्थान
१	श्री नवीन लुइटेल	लेखापरीक्षण अधिकारी	प्रथम
२	श्री लविन्द्र कुलुङ्ग	लेखापरीक्षण अधीक्षक	
३	श्री अनुका कुलुङ्ग	लेखापरीक्षण अधीक्षक	
१	श्री नवीन रिमाल	लेखापरीक्षण अधीक्षक	द्वितीय
२	श्री प्रकाश कटुवाल	लेखापरीक्षण अधीक्षक	
३	श्री नवराज पौडेल	लेखापरीक्षण अधीक्षक	
१	श्री होम बहादुर खत्री	लेखापरीक्षण अधीक्षक	तृतीय
२	श्री सोनिल साह	लेखापरीक्षण अधीक्षक	
३	श्री करुण खतिवडा	लेखापरीक्षण निरीक्षक	



म्युजिकल चेयर- म्युजिकल चेयरमा कार्यालयका विभिन्न तहका कर्मचारीहरूको उल्लेख्य सहभागिता रहेको थियो। म्युजिक बजाउने र रोक्ने गर्दै यो कार्यक्रम सञ्चालन भएको थियो। यस कार्यक्रममा प्रथम, दोस्रो र तेस्रो हुने कर्मचारीहरू निम्नानुसार रहेका छन् :-



म्यूजिकल चेयर बिजेता कर्मचारीहरूको विवरण

सि.नं.	नाम थर	पद	कैफियत
१	श्री शान्तिकुमारी उपाध्याय	कम्प्यूटर अपरेटर	प्रथम
२	श्री रमेश अधिकारी	लेखापरीक्षण निरीक्षक	द्वितीय
३	श्री सुनिता बस्नेत पाण्डे	सहायक कम्प्यूटर अपरेटर	तृतीय







दीर्घ सेवा सम्मान र अवकाश हुने कर्मचारीलाई बिदाइ- विगत २५ वर्षदेखि सरकारी सेवा गर्दै आउनुभएका यस कार्यालयका देहायका १७ कर्मचारीहरूलाई २०८१ असार १२ गते दीर्घसेवा सम्मानबाट सम्मानित गरिएको छ।

दीर्घ सेवाबाट सम्मानित हुने कर्मचारीहरूको विवरण

सि.नं.	नाम, थर	पद	सेवा अवधि
१	श्री बिन्दु बिष्ट	उप महालेखापरीक्षक	२५ वर्ष
२	श्री दुर्गा बहादुर बस्नेत	निर्देशक	२५ वर्ष
३	श्री प्रकाश कुमार खत्री	निर्देशक	२५ वर्ष
४	श्री केदार प्रसाद खकुरेल	निर्देशक	२५ वर्ष
५	श्री शैलेन्द्र कुमार प्रसाई	निर्देशक	२५ वर्ष
६	श्री गीता भट्टराई	निर्देशक	२५ वर्ष
७	श्री सन्तोष ढुंगाना	सूचना प्रविधि निर्देशक	२५ वर्ष
८	श्री डिल्लीराम खनाल	लेखापरीक्षण अधिकारी	२५ वर्ष
९	श्री हरि प्रसाद पाठक	लेखापरीक्षण अधिकारी	२५ वर्ष
१०	श्री नेत्र प्रसाद गौतम	लेखापरीक्षण अधिकारी	२५ वर्ष
११	श्री प्रकाश के.सी.	लेखापरीक्षण अधिकारी	२५ वर्ष
१२	श्री डिल्ली बहादुर ओली	लेखापरीक्षण अधिकारी	२५ वर्ष
१३	श्री नर बहादुर खत्री	लेखापरीक्षण अधिकारी	२५ वर्ष
१४	श्री रामकृष्ण पोखरेल	लेखापरीक्षण अधिकारी	२५ वर्ष
१५	श्री राजु पाण्डे	लेखापरीक्षण अधिकारी	२५ वर्ष
१६	श्री जयानन्द पाण्डेय	लेखापरीक्षण अधिकारी	२५ वर्ष
१७	श्री ध्रुव शर्मा	लेखापरीक्षण अधिकारी	२५ वर्ष

यसै गरी २०८२ आषाढ १६ गतेदेखि २०८३ आषाढ १५ गतेसम्मको अवधिमा सेवा निवृत्त हुनुभएका देहायका कर्मचारीलाई कदरपत्र सहित बिदाइ गरिएको छ :-

अवकाश हुने कर्मचारीहरू

सि.नं.	नाम	पद	अवकाश मिति
१	श्री अनन्तप्रसाद तिवारी	निर्देशक	२०८२।१०।०७
२	श्री पशुपति कुमार काफ्ले	नायब महालेखापरीक्षक	२०८२।११।१७
३	श्री सन्तोष शर्मा सापकोटा	निर्देशक (स्वैच्छिक अवकाश)	२०८२।११।१०
४	श्री सन्तोष विडारी	लेखापरीक्षण अधिकारी	२०८२।१२।२६
५	श्री परशुराम न्यौपाने	नायब महालेखापरीक्षक	२०८३।०२।०७
६	श्री सत्यनारायण थापा	निर्देशक	२०८३।०२।१०
७	श्री बद्रिनाथ पौडेल	लेखापरीक्षण अधीक्षक	२०८३।०२।२६
८	श्री कृष्णप्रसाद ज्ञवाली	निर्देशक	२०८३।०३।१५

२०८२ माघ देखि २०८३ असारसम्म जेष्ठता, कार्यक्षमताको मूल्याङ्कन र आन्तरिक प्रतिस्पर्धात्मक परीक्षाबाट बढुवा नियुक्ति भएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	नियुक्ती मिति	कैफियत
१.	नायब महालेखापरीक्षक	श्री थवराज अधिकारी	२०८२/१०/१३	बढुवा
२.	नायब महालेखापरीक्षक	श्री परशुराम न्यौपाने	२०८२/१०/१३	बढुवा
३.	नायब महालेखापरीक्षक	श्री प्रेमबहादुर मुडमेन	२०८२/१०/१९	बढुवा

सि.नं.	पद	नाम	नियुक्ती मिति	कैफियत
४.	नायव महालेखापरीक्षक	श्री प्रमोद कुमार केसी	२०८२/१०/१९	बढुवा
५.	नायब महालेखापरीक्षक	श्री नीर प्रसाद सुवेदी	२०८२/१०/२३	आन्तरिक प्रतिष्पर्धा
६.	निर्देशक	श्री निषभ शाक्य	२०८२/१०/२९	बढुवा
७.	निर्देशक	श्री प्रितम वागदास	२०८२/१०/२९	बढुवा
८.	निर्देशक	श्री इन्द्रबहादुर अधिकारी	२०८२/१०/२९	बढुवा
९.	निर्देशक	श्री लुम विक्रम शाह	२०८२/१०/२९	बढुवा
१०.	निर्देशक	श्री गीता भट्टराई	२०८२/१०/२९	बढुवा
११.	निर्देशक	श्री अजयकुमार गुप्ता	२०८२/१०/२९	बढुवा
१२.	निर्देशक	श्री प्रेमकुमार भट्टराई	२०८२/१०/२९	बढुवा
१३.	निर्देशक	श्री सुदनकुमार पोखेल	२०८२/१०/२९	बढुवा
१४.	लेखापरीक्षण अधिकारी	श्री विष्णुप्रसाद उपाध्याय	२०८३/०२/२१	बढुवा
१५.	लेखापरीक्षण अधिकारी	श्री नवीन लुईटेल	२०८३/०२/२१	बढुवा
१६.	लेखापरीक्षण अधिकारी	श्री सुरेश के.सी.	२०८३/०२/२१	बढुवा
१७.	लेखापरीक्षण अधिकारी	श्री सुनिता कुमारी साउद	२०८३/०२/२१	बढुवा
१८.	लेखापरीक्षण अधीक्षक	श्री महेश पाण्डे	२०८२/११/२९	बढुवा
१९.	लेखापरीक्षण अधीक्षक	श्री गोपाल बहादुर कार्की	२०८२/११/२९	बढुवा
२०.	लेखापरीक्षण अधीक्षक	श्री कलशा कुमारी भण्डारी	२०८२/११/२९	बढुवा
२१.	लेखापरीक्षण अधीक्षक	श्री सुस्मिता बस्नेत	२०८२/११/२९	बढुवा

२०८२ माघ देखि २०८३ असारसम्म खुला प्रतिष्पर्धात्मक परीक्षाबाट नियुक्ति भएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	नियुक्ती मिति
१.	नायब महालेखापरीक्षक	श्री नरेन्द्र सन्याल	२०८३/०२/०७
२.	लेखापरीक्षण अधीक्षक	श्री एकदेव पाण्डे	२०८२/१०/०९
३.	लेखापरीक्षण अधीक्षक	श्री मायादेवी चलाउने	२०८२/१०/०९
४.	लेखापरीक्षण अधीक्षक	श्री नरेश बहादुर महरा	२०८२/१०/२१

२०८२ माघदेखी २०८३ असारसम्म रमाना भई गएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	रमाना मिति
१.	लेखापरीक्षण निरीक्षक	श्री विवेक शर्मा पोखरेल	२०८२।१०।०९
२.	लेखापरीक्षण निरीक्षक	श्री रितेश कुमार साह	२०८२।१०।०९
३.	लेखापरीक्षण अधीक्षक	श्री विवेक राई	२०८२।१२।३०
४.	सहायक कम्प्यूटर अपरेटर	श्री कमला श्रेष्ठ	२०८३।०१।२९

२०८२ माघदेखि २०८३ असारसम्म सरुवा भई आएका कर्मचारीको विवरण

सि.नं.	पद	नाम	रमाना मिति
१.	जुनियर इलेक्ट्रिसियन	श्री राजन कुमार गुप्ता	२०८२।०४।०७
२.	कानून अधिकृत	श्री अमिता खनाल	२०८२।०४।१९
३.	सूचना प्रविधि निर्देशक	श्री सन्तोष ढुंगाना	२०८२।०८।१४
४.	कम्प्युटर इन्जिनियर	श्री विश्वास पोखरेल	२०८३।०१।२१
५.	कम्प्युटर इन्जिनियर	श्री राजेश कुमार थारु	२०८३।०१।२८

रक्तदान तथा स्वास्थ्य परीक्षण- वार्षिक उत्सवको अवसरमा नेपाल रेडक्रससँग सहकार्य गरेर रक्तदान तथा स्वास्थ्य परीक्षण कार्यक्रम संचालन गरिएको थियो। रक्तदानमा ७१ जना र स्वास्थ्य परीक्षणमा १९८ जना कर्मचारीहरू सहभागी हुनु भएको थियो।











वार्षिकोत्सव मूल समारोह कार्यक्रम

कार्यालयको ६८औँ वार्षिकोत्सव अन्तर्गत मूल समारोह कार्यक्रम २०८३ असार १५ गते सम्माननीय सभामूख श्री डोलप्रसाद अर्यालज्यूको प्रमुख आतित्थ्यतामा सम्पन्न भएको थियो। प्रमुख अतिथिको आगमनपश्चात बिहान ११ बजे कार्यक्रम प्रारम्भ भएको थियो। प्रमुख अतिथिज्यूबाट पानसमा बत्ती बाली उद्घाटन भएको कार्यक्रममा कार्यालयका उपमहालेखापरीक्षक श्री पदमराज पौडेलज्यूले स्वागत मन्तव्य राख्नुभएको थियो।





कार्यक्रममा सम्माननीय सभामुखज्यू, सार्वजनिक लेखा समितिका माननीय सभापतिज्यू तथा माननीय महालेखापरीक्षकज्यूले आफ्नो मन्तव्य राख्नुभएको थियो। यस अवसरमा आर्थिक वर्ष २०८२/८३ मा उत्कृष्ट काम गर्ने कार्यलयका ९ जना कर्मचारीहरूलाई पुरस्कृत गरिएको थियो। साथै, आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षणबाट लगति बेरुजु शून्य हुने तीन स्थानीय तहलाई सम्मानपत्र प्रदान गरिएको थियो। कार्यक्रममा उपमहालेखापरीक्षक श्री विन्दु विष्टले उपस्थित अतिथिज्यूहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो। फोटो सेसन तथा जलपान पश्चात कार्यक्रम समापन भएको जानकारी कार्यक्रमको सञ्चालन नायव महालेखापरीक्षक श्री ताराप्रसाद पाण्डेले गर्नुभएको थियो।

महालेखापरीक्षकको कार्यालयको ६८औँ वार्षिक उत्सव समारोहमा माननीय महालेखापरीक्षक श्री तोयम रायाज्यूले राख्नुभएको मन्तव्य:

१. विक्रम सम्वत् २०१६ साल आषाढ १५ गते स्थापना भएको यस कार्यालय आजबाट ६८औँ वर्षमा प्रवेश गरेको छ। महालेखापरीक्षकको कार्यालयको ६८ औं वार्षिकोत्सवको यस सुखद् अवसरमा उपस्थित विशिष्टजनहरूलाई यस कार्यालयमा स्वागत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ। हामीलाई हौसला प्रदान गर्न पाल्नुहुने प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू लगायत सम्पूर्ण अतिथिज्यूहरूको गरिमामय उपस्थितिका लागि आभार व्यक्त गर्दछु।

२. महालेखापरीक्षकले विक्रम सम्वत् २०२० सालदेखि संविधानबमोजिम सार्वजनिक स्रोत साधनको प्राप्ति, उपयोग, उपलब्धि सम्बन्धमा लेखापरीक्षण गरी सोबाट देखिएका बेहोराहरू समावेश गरी आफ्नो वार्षिक प्रतिवेदन पेश गर्दै आएको छ।

३. नेपालको संविधानको धारा २४१ अनुसार महालेखापरीक्षकले आफ्नो कार्य सम्पादन गर्ने र संविधानको धारा २९४ को प्रावधान बमोजिम लेखापरीक्षण ऐन, २०७५ को दफा १९ मा उल्लिखित विषयहरू समेटी वार्षिक प्रतिवेदन तयार गरी यस वर्ष सङ्घीय सरकारतर्फ ६३औँ वार्षिक प्रतिवेदन तथा प्रदेश सरकारतर्फ आठौँ वार्षिक प्रतिवेदन पेस गरिएको छ भने स्थानीय तहतर्फ वि. सं. २०७४ देखि लेखापरीक्षण प्रतिवेदन जारी गर्दै आइएको छ। यसका अतिरिक्त यो वर्षदेखि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत सबै सङ्घीय तथा प्रदेश मन्त्रालयमा राय सहितको मन्त्रालयगत प्रतिवेदन, गैरबजेटरी निकायको निकायगत प्रतिवेदन र सबै स्थानीय तहमा समेत राय सहितको प्रतिवेदन जारी गरिएको छ। जसअनुसार महालेखापरीक्षकको ६३औँ वार्षिक प्रतिवेदन सहित कुल २ हजार ५५९ पृष्ठ, ७ प्रदेशको वार्षिक प्रतिवेदन १ हजार २१९ पृष्ठ एवं सङ्घीय मन्त्रालय, प्रदेश मन्त्रालयगत, स्थानीय तह एवम् गैर बजेटरी संस्थाको लेखापरीक्षण प्रतिवेदन ९६ हजार ७४ पृष्ठ सहित ९९ हजार ८५२ पृष्ठ रहेको प्रतिवेदन जारी भएको छ।

४. सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरू समावेश गरी वार्षिक प्रतिवेदनको सारांश समेत तयार गर्नुका साथै वार्षिक प्रतिवेदनको इन्फोग्राफिक्स, कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण प्रतिवेदन,

सङ्गठित र सङ्घीय कानुनद्वारा तोकिएका संस्थाको छुट्टाछुट्टै प्रतिवेदन कार्यालयको वेबसाइटमार्फत प्रकाशित गरिएको छ।

५. मैले २०८३ ज्येष्ठ १ गते सम्माननीय राष्ट्रपतिज्यू समक्ष आर्थिक वर्ष २०८१।८२ र बक्यौता समेतको लेखापरीक्षण गरी ६३ औं वार्षिक प्रतिवेदन पेश गरेको छु। सो अनुसार ५ हजार ५२६ निकायको रु. ९४ खर्ब ८४ अर्ब ५० करोडको लेखापरीक्षण सम्पन्न गरिएकोमा वित्तीय लेखापरीक्षणतर्फ रु. ८८ अर्ब ९ करोड ११ लाख बेरुजु कायम भएको छ। वित्तीय लेखापरीक्षणको अतिरिक्त १५ विषयको कार्यमूलक, १ विषयको वातावरणीय र १ विषयको विशेष लेखापरीक्षण गरिएको छ।

६. प्रतिवेदन अवधिसम्म रु. ६३ अर्ब १२ करोड ९५ लाख सम्परीक्षण भएको छ। सोमध्ये लेखापरीक्षण तथा सम्परीक्षणबाट प्रतिवेदन अवधिसम्म रु. १४ अर्ब ६३ करोड २७ लाख असुल भई सम्बन्धित राजस्व खातामा जम्मा भएको छ।

७. लेखापरीक्षणलाई थप गुणस्तरीय बनाउन लेखापरीक्षण सल्लाहकार समिति, नेपाल सरकारका मुख्य सचिव, सङ्घीय संसदका महासचिव, सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार, नेपाल सरकारका लेखा उत्तरदायी अधिकृत तथा सुरक्षा निकायहरूको प्रमुखको उपस्थितिमा वार्षिक लेखापरीक्षण योजना र सोको नीति तथा कार्यतालिका सम्बन्धमा अन्तरक्रिया तथा छलफल आयोजना गरिएको थियो।

८. प्रतिवेदन तयारी चरणमा समेत लेखापरीक्षण सल्लाहकार समिति, सार्वजनिक लेखा समिति, तीनै तहका सरकारका पदाधिकारीहरूसँगको छलफलबाट प्राप्त सुझाउहरूलाई समेत ध्यान दिइएको छ।

सम्माननीय सभामुखज्यू एवं उपस्थित महानुभावहरू,

यस वर्ष लेखापरीक्षण कार्यमा सुधारका लागि भएका प्रयासहरू उल्लेख गर्न चाहन्छु:

९. यसै आर्थिक वर्षदेखि लागु हुनेगरी महालेखापरीक्षकको कार्यालयको रणनीतिक योजना २०८२/८३-२०८६/८७ स्वीकृत गरिएको छ। उक्त रणनीतिको कार्यान्वयनबाट कर्मचारीहरूको व्यक्तिगत, प्रणालीगत तथा संस्थागत क्षमता अभिवृद्धि भई समग्र सार्वजनिक क्षेत्रको लेखापरीक्षण गुणस्तरमा अभिवृद्धि हुने विश्वास लिएको छु।

१०. विभिन्न चरणमा लेखापरीक्षणको लागि स्थलगतरुपमा टोली खटिएको सम्बन्धमा कार्यालयको वेबसाइट र विभिन्न एफ.एम. रेडियोबाट सूचित गराइएको र सार्वजनिक स्रोत साधनको उपयोग तथा सोबाट प्राप्त उपलब्धिको परीक्षण गर्न सघाउ पुग्ने सूचना, जानकारी, विवरण वा प्रमाण लेखापरीक्षण टोलीलाई उपलब्ध गराउन अनुरोध समेत गरिएको थियो।

११. लेखापरीक्षणको स्वतन्त्रता, निष्पक्षता, वस्तुपरकता कायम गर्दै गुणस्तरीय लेखापरीक्षण कार्य भएको सुनिश्चित गर्न लेखापरीक्षणको विधि, प्रक्रिया र प्रतिवेदन व्यवस्थामा गर्नुपर्ने सुधार वा लेखापरीक्षण टोलीको कार्य सन्दर्भमा कुनै सुझाउ तथा गुनासो भएमा कार्यालयको टोल फ्री नम्बरमा रेकर्ड गराउन वा म आफैंले मात्र प्राप्त गर्ने गरी सञ्चालन गरिएको इमेलमा पठाउन सक्ने व्यवस्था गरी गत वर्ष जस्तै निरन्तरता दिइएको छ।

१२. लेखापरीक्षण कार्यलाई थप पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने उद्देश्यले यो वर्ष तीन चरणको स्थलगत लेखापरीक्षण अवधिमा सरोकारवालाहरूसँग ४ पटक भर्चुअल माध्यमबाट अन्तरक्रिया कार्यक्रम गरिएको थियो। उक्त कार्यक्रममा एकपटकमा २६५ देखि ७०० जनासम्मको सहभागिता रहेको थियो। यस कार्यक्रमलाई आगामी वर्षमा पनि निरन्तरता दिई स्थलगत लेखापरीक्षण सञ्चालन भएको अवधिमा प्रत्येक महिनाको पहिलो हप्ताको सोमबार भर्चुअल बैठक गर्ने कार्यक्रम तय गरेको छु।

१३. प्रदेश सरकारका प्रदेश सुशासन केन्द्र, नेपाल नगरपालिका सङ्घ, गाउँपालिका राष्ट्रिय महासङ्घ नेपालसँगको सहकार्य र समन्वयमा विभिन्न जिल्लामा लेखापरीक्षण व्यवस्थापन, बेरूजु तथा सम्परीक्षण लगायतको विषयमा भएका कार्यक्रममा कार्यालयबाट सहभागिता हुनुका साथै प्रबोधीकरणसमेत गरिएको थियो।

१४. सङ्घीय सरकारी निकायहरूका अतिरिक्त जिल्लागत रुपमा तीनै तहका कार्यालय प्रमुख तथा पदाधिकारी, सार्वजनिक लेखासमितिका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफल तथा अन्तरक्रिया गरिएको छ। उक्त कार्यक्रमहरूमा वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण, बेरुजु तथा बेरुजु सम्परीक्षण सम्बन्धमा छलफल तथा अन्तरक्रिया सञ्चालन भएको थियो। उक्त कार्यक्रमलाई निरन्तरता दिँदै आगामी आर्थिक वर्षमा प्रदेश सरकार एवं प्रत्येक प्रदेशका ३ जिल्ला समेटिने गरी २१ जिल्लामा लेखापरीक्षणको क्रममा स्थलगत अनुगमन गर्ने र सरोकारवालाहरूको गुनासो तथा सुझाउ लिने व्यवस्था गरी सार्वजनिक क्षेत्रको लेखापरीक्षणलाई थप प्रभावकारी बनाउने लक्ष्य लिइएको छ।

१५. लेखापरीक्षणसँग प्रत्यक्ष रुपमा संलग्न हुने सरोकारवाला निकायहरू सङ्घीय संसद, सार्वजनिक लेखा समिति, प्रदेश

सभा, प्रदेशका सार्वजनिक लेखा समिति, गाउँ/नगर सभा तथा समिति, सबै प्रकारका मिडिया, लेखापरीक्षण गराउने निकाय तथा कार्यालयका लेखाउत्तरदायी अधिकृत तथा जिम्मेवार अधिकृत, नागरिक समाज, सुशासन तथा पारदर्शितामा कार्य गर्ने संस्था, विकास साझेदार लगायतका सरोकारवालासँगको समन्वय र सहकार्यबाट सार्वजनिक क्षेत्रको लेखापरीक्षण, बेरुजू फर्स्यौंट तथा न्यूनीकरण र सम्परीक्षण प्रभावकारी हुनेमा कार्यालय विश्वस्त रहेको छ।

सम्माननीय सभामुखज्यू एवं उपस्थित महानुभावहरू,

यस कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरूमा समेत सक्रिय सहभागिता जनाउँदै आएको छः

१६. अरब गणतन्त्र इजिप्टमा २०८२ कार्तिकमा सम्पन्न भएको इन्टोसाईको २५ औं महासभामा यस कार्यालयकोसमेत सहभागिता रहेको थियो।

१७. ज्ञान तथा अनुभव अदानप्रदान कार्यलाई प्रश्रय दिन, लेखापरीक्षण मान विकास गर्न र क्षेत्रीय तथा भौगोलिक चुनौतीहरूलाई सम्बोधन गर्न सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तराष्ट्रिय सङ्गठन (इन्टोसाई) तथा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एशियाली सङ्गठन (एसोसाई) ले विशिष्टीकृत कार्य समूहहरू परिचालन गर्दै आइरहेको छ।

१८. महालेखापरीक्षकको कार्यालय इन्टोसाईका अनुगमन लेखापरीक्षण कार्य समूह (WGFA), इन्टोसाइका पेसागत मानदण्ड तथा घोषणाहरू निर्धारण गर्ने समूह (FIPP), प्राविधिक सहयोग समिति (ICC) र एसोसाईका क्षेत्रीय तथा स्थानीय सरकारको लेखापरीक्षण कार्य समूह (WGRMA), सार्वजनिक संस्थान लेखापरीक्षण कार्य समूह (WGSOEA), सूचना प्रविधि लेखापरीक्षण तथा तथ्याङ्क विश्लेषण पद्धति (WGITADA) र वातावरणीय लेखापरीक्षण कार्य समूह (WGEA) मा सहभागी भै भूमिका निर्वाह गरिरहेको छ।

१९. उल्लिखित अन्तर्राष्ट्रिय संस्थासँगको सहकार्यमा रही विभिन्न कार्य समूहका कार्य गर्दा विशिष्टीकृत क्षेत्रको लेखापरीक्षणमा ज्ञान आर्जन भई संस्थागत क्षमता अभिवृद्धि हुने भएकोले यस्तो उपस्थिति महत्त्वपूर्ण रहेको हुन्छ।

२०. द्विपक्षीय आपसी सहयोग आदान प्रदान कार्यक्रम अन्तर्गत भारत, चीन, संयुक्त राज्य अमेरिका, क्यानाडा लगायतका राष्ट्रका क्षमता विकास सम्बन्धी कार्यक्रममा समेत सहभागिता जनाइएको छ।

२१. कर्मचारीको पेशागत सक्षमता विकासका लागि यस वर्ष अनवरत पेशागत शिक्षा, विषयगत तालिम, लेखापरीक्षण गुणस्तर व्यवस्थापन लगायतका विभिन्न गोष्ठी तथा तालिममा स्वदेश र विदेशमा यस कार्यालयका कर्मचारीहरूको सहभागिता हुने गरेको छ। यस प्रकारका कार्यक्रममा संलग्नताबाट लेखापरीक्षणको गुणस्तरमा निरन्तर अभिवृद्धि हुने विश्वास लिएको छु।

अन्य प्रयासहरू

२२. लेखापरीक्षण ऐन, २०७५ को दफा १८ (१) मा महालेखापरीक्षकले आफैले सम्पादन गर्नुपर्ने कामका लागि आवश्यकतानुसार सङ्घ तथा प्रदेश तहमा कार्यालय स्थापना गर्न सक्ने व्यवस्था रहे बमोजिम प्रदेशस्तरमा समेत कार्यालय रहनेगरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी नेपाल सरकारबाट स्वीकृत भए अनुसार महालेखापरीक्षकको प्रदेश कार्यालयहरू स्थापना गरिएको छ।

२३. लेखापरीक्षणको गुणस्तर र प्रभावकारिता अभिवृद्धिका लागि वित्तीय तथा सङ्गठनात्मक स्वायत्तता समेत आवश्यक पर्ने हुँदा सोका लागि सङ्घीय संसद र नेपाल सरकारबाट आवश्यक सहयोग प्राप्त भइ रहेको छ। आगामी दिनमा समेत यसको निरन्तरता हुने विश्वास लिएको छु।

२४. लेखापरीक्षणलाई व्यवस्थित र गुणस्तरीय बनाउन सूचना प्रविधिको उपयोग हुँदै आएकोमा सोलाई अझ परिमार्जन गर्न आवश्यक देखिएको छ। सोका लागि समेत थप स्रोत साधन आवश्यकता रहेकोले यसमा नेपाल सरकारबाट सहयोग प्राप्त हुनेमा विश्वस्त छु।

२५. यस कार्यालयबाट सम्पादन हुने लेखापरीक्षणप्रति जनअपेक्षा बढ्दै गएको परिप्रेक्ष्यमा गुणस्तरीय लेखापरीक्षणबाट जनविश्वास कायम गर्न तथा साख अभिवृद्धि गर्ने गरी कार्यसञ्चालन व्यवस्थापन भएको छ। सोका लागि कार्यालयको प्रयत्नका साथै सबैको सहयोगको अपेक्षा गरेको छु।

२६. यस कार्यालयका कर्मचारीहरूले IDI Initiatives अन्तर्गतको Professional Education for SAI Auditors (PESA) लगायतको अन्तर्राष्ट्रिय स्तरको पेशागत विषय अध्ययन गरी सफलता हासिल गर्ने कर्मचारीलाई बधाई व्यक्त गर्दछु। यस्ता व्यावसायिक अध्ययन गर्ने कर्मचारीलाई उत्प्रेरित गर्न आवश्यक उत्प्रेरक तत्व निर्धारण गरिनु पर्ने ठानेको छु ।

२७. यस वार्षिकोत्सवको अवसरमा २५ वर्ष सेवा अवधि पूरा गरेका १७ जना कर्मचारीलाई दीर्घसेवा सम्मान प्रदान गरिएको छ। ६७औं वार्षिकोत्सव समारोह पश्चात अवकाश हुनु भएका १७ जना कर्मचारीलाई सम्मान गरिएको छ। यसैगरी लेखापरीक्षण ऐन, २०७५को दफा २६ अनुसार यस

कार्यालयका कर्मचारीहरूमध्ये लेखापरीक्षणमा उत्कृष्ट कार्य गर्ने ६ जना र लेखापरीक्षण व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने ३ जना कर्मचारीलाई समेत पुरस्कृत गरिने कार्यक्रम रहेको छ। दीर्घसेवा सम्मान प्राप्त गर्नु हुने तथा पुरस्कृत हुने सबै कर्मचारीलाई बधाई दिँदै आगामी दिनमा अझ बढी दत्त चित्त रही लगनशीलतासाथ कार्यसम्पादन गर्नुहुनेछ भन्ने विश्वास लिएको छु।

२८. वार्षिकोत्सवकै अवसरमा रक्तदान कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रममा ७१ जना सहभागी भई रक्तदान जीवनदानको नारालाई सार्थक बनाउनु भएका रक्तदाता प्रति धन्यवाद व्यक्त गर्दछु।

२९. वार्षिकोत्सवको उपलक्ष्यमा कार्यालयले आयोजना गरेको कार्यक्रममा सहभागि सबै कर्मचारीलाई हार्दिक धन्यवाद र उत्कृष्ट हुने कर्मचारीलाई बधाई व्यक्त गर्दछु।

३०. वार्षिकोत्सवको अवसरमा सकारात्मक परिवर्तन विषयक प्रवचन कार्यक्रम आयोजना गरिएको थियो। उक्त महत्त्वपूर्ण विषयमा प्रवचन दिनु हुने योग गुरु एवं वाचक आचार्य श्री ओशो अखण्डप्रति हार्दिक आभार व्यक्त गर्दै सहभागी सबै प्रति धन्यवाद व्यक्त गर्दछु।

३१. आर्थिक अनुशासन तथा वित्तीय उत्तरदायित्व प्रवर्धन एवम् पारदर्शिता अभिवृद्धि गर्ने उद्देश्यले यस वर्ष लगती बेरूजु शुन्य देखिएका बागमती प्रदेशको महाभारत गाउँपालिका, काभ्रेपलाञ्चोक, गण्डकी प्रदेशको महाशीला गाउँपालिका, पर्वत र लुम्बिनी प्रदेशको धुर्कोट गाउँपालिका, गुल्मीका स्थानीय तहलाई सम्मान सहित प्रशंसा पत्र दिने व्यवस्था गरिएको छ । उल्लिखित गाउँपालिकाको पदाधिकारी तथा कर्मचारीहरू प्रति बधाई व्यक्त गर्दै आगामी दिनमा समेत उदाहरणीय र अनुकरणीय रुपमा कार्य सम्पादन गर्नु हुनेछ भन्नेमा विश्वस्त छु।

३२. यस वार्षिकोत्सवको पावन अवसरमा दीर्घजीवी लेखापरीक्षण सेवा सम्मानद्वारा यस कार्यालयका पूर्व उपमहालेखापरीक्षक श्री पद्मदयाल श्रेष्ठज्यूलाई सम्मान गर्न पाउदा हामी गौरवान्वित भएका छौं। उहाँ २०२५ सालमा लेखापरीक्षण अधिक्षकको रुपमा महालेखापरीक्षकको कार्यालयमा लेखापरीक्षण सेवामा प्रवेश गरी २०६० सालमा उपहालेखापरीक्षकको पदबाट सेवानिवृत हुनु भएको हो। उहाँको योगदानको उच्च सम्मान गर्दै आगामी दिन थप सुखमय, सुस्वास्थ्य एवं दीर्घायु रहोस् भन्ने कामना गर्दछु।

३३. अन्तमा, हाम्रो आतिथ्यतालाई स्वीकार गरी यस समारोहमा उपस्थित भई समारोहको गरिमा बढाइदिनुभएकोमा प्रमुख अतिथिज्यू, विशेष अतिथिज्यू एवं उपस्थित सबै महानुभावहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। वार्षिकोत्सवको यस कार्यक्रमलाई सफलतापूर्वक सम्पन्न गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने मूल समारोह समिति लगायत सम्बद्ध सबैलाई धन्यवाद व्यक्त गर्दछु ।

वार्षिकोत्सव कार्यक्रममा सार्वजनिक लेखासमितिका सभापति श्री भरत बहादुर खड्काज्यूले दिनुभएको मन्तव्य

यहाँ उपस्थित सम्पूर्ण महानुभावहरू,

१. महालेखापरीक्षकको ६८औं वार्षिक उत्सव समारोहमा मलाई विशेष अतिथिको रुपमा आमन्त्रण गर्नुभएकोमा



महालेखापरीक्षक लगायत महालेखापरीक्षकको कार्यालय परिवारप्रति धन्यवाद व्यक्त गर्दछु । यस पावन अवसरमा यहाँहरू सबैमा शुभकामना व्यक्त गर्दछु ।

२. यस अवसरमा म महालेखापरीक्षकको कार्यालयले नेपालको सार्वजनिक स्रोत साधनको प्राप्ति एवं उपयोग प्रक्रियाको निगरानी र वित्तीय अनुशासन कायम गर्ने गराउने कार्यमा पुऱ्याइरहेको योगदानका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

३. यस कार्यालयले संवैधानिक व्यवस्थाबमोजिम आफ्नो कार्यसञ्चालन गर्दै आएको छ। यसले सबै तहका सरकारको आर्थिक कारोबारलाई विभिन्न कानुनी आधारमा मूल्याङ्कन गरी लेखापरीक्षण गर्दै आउनुका साथै लेखापरीक्षणबाट देखिएका

व्यहोराहरू वार्षिक प्रतिवेदन तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनमार्फत तयार गर्ने गरेको छ । जसबाट सरकारका काम कारबाहीमा वित्तीय अनुशासन र जवाफदेहिता कायम गर्न सघाउ पुगेको छ ।

४. यस कार्यालयको कार्यक्षेत्रमा भएको विस्तारसँगै कार्यालयको पहुँच समेत सबै तहमा पुगेको छ । सीमित साधन स्रोतका बाबजुद देशका दूरदराजमा समेत स्थलगत रुपमा नै उपस्थित रही लेखापरीक्षण गरी प्रतिवेदन जारी गर्ने कार्य आफैंमा चुनौतीपूर्ण रहेको छ । यस संवैधानिक जिम्मेवारी पूरा गर्न कार्यालयले खेलेको भूमिकाको उच्च मूल्याङ्कन गर्दै सोका लागि यहाँहरू सबैप्रति धन्यवाद व्यक्त गर्दछु ।

५. यस कार्यालय र सार्वजनिक लेखा समितिबीच अन्योन्याश्रित सम्बन्ध रहेको छ। कार्यालयले पेश गरेको वार्षिक प्रतिवेदनउपर छलफल गरी लेखापरीक्षणका बेहोरा सम्बन्धमा अन्तिम निर्णय वा निर्देशन दिने कार्य सार्वजनिक लेखा समितिले गर्दछ। लेखासमितिले दिने निर्देशनले सम्बन्धित निकाय वा कार्यालयको काम कारबाहीलाई व्यवस्थित गर्ने तथा आगामी दिनमा सुधार गर्न सघाउ पुग्नुका साथै लेखापरीक्षणमा समेत सुधारका लागि मार्गप्रशस्त गर्दछ ।

६. विक्रम सम्वत् २०६० साल यताको अद्यावधिक बेरुजु रु.७ खर्ब ५५ अर्ब १७ करोड पुगेको छ। लामो समयदेखिका बेरुजु फर्स्यौंट तथा सम्परीक्षण नहुँदा देशको वित्तीय अनुशासन सबल हुन सकेको छैन । यसले जनमानसमा सरकारप्रतिको विश्वासमा कमी ल्याउने हुँदा यसतर्फ सबै पक्षहरू गम्भीर हुन जरुरी छ ।

७. कुनै पनि आर्थिक कृयाकलापको चक्र; योजना तर्जुमा, बजेटको स्वीकृति, सो को कार्यान्वयन तथा लेखाङ्कन, लेखापरीक्षण र लेखापरीक्षण प्रतिवेदनउपर सार्वजनिक लेखा समितिमा छलफल भई बेरुजू फर्स्यौंट र सम्परीक्षण हुनुपर्नेमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनहरू लेखा समितिमा छलफल र निर्णय हुन बाँकी रहेकोले हामी यसलाई समयमा नै टुङ्गो लगाउने गरी कार्य योजना बनाई कार्य सम्पादन गर्ने प्रकृयामा रहेको र समयमा नै टुङ्गाउनेतर्फ प्रतिबद्ध छौं ।

८. केही समय अगाडिसम्म सङ्घीय सरकार तर्फका बेरूजु सम्परीक्षण कार्य हुन सकेको थिएन ।हाल संसदबाट सो सम्बन्धी कानुन संशोधन भए पश्चात् सरकारका निकायबाट बेरुजु फर्स्यौंटमा सक्रियता देखिएकोले खुसी लागेको छ। अब बेरुजु फर्स्यौंटको कार्यमा सहजता भई बेरुजु न्यूनीकरण गर्न सरकार र यस कार्यालयबाट समेत आवश्यक भूमिका निर्वाह हुने कुरामा म विश्वस्त छु ।

९. विगतका केही वार्षिक प्रतिवेदनहरू लेखा समितिमा छलफल हुन बाँकी रहेको विषय मेरो जानकारीमा रहेको छ। छलफलमा ढिलाइ हुँदा एकातर्फ सोको सान्दर्भिकता परिवर्तन हुने वा औचित्य नै समाप्त हुने अवस्था देखिएको छ भने अर्कोतर्फ एउटै कार्यका लागि धेरै पक्षको समय र मेहनत खेर समेत गइरहेको छ । त्यसैगरी समयमा नै छलफल नहुँदा समान प्रकृतिका विषय उठान भइरहनुका साथै त्यस्ता विषयप्रति सम्बन्धित पदाधिकारी तथा कर्मचारीले चासो नदिने प्रवृत्ति समेत देखिएको छ। यसका लागि समितिले आगामी दिनका कार्यतालिका नै तयार गरी छलफललाई व्यवस्थित र नियमित गर्नेछ । साथै समितिको प्रयासले मात्र बेरुजु फर्स्यौंट अपेक्षित नहुने हुँदा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐनको मर्म अनुसार सोही वर्षभित्र नै बेरुजु फर्स्यौंटको कार्य टुंग्याउने गरी निकाय तथा कार्यालयहरूले समेत कार्यसम्पादन गर्नुपर्दछ ।

१०. लेखापरीक्षण कार्यमा संलग्न राष्ट्रसेवक लेखापरीक्षकको इमान्दारिता र नैतिकताले महत्वपूर्ण स्थान राख्दछ । लेखापरीक्षणको गुणस्तर सुधार गर्न लेखापरीक्षकहरूले आफ्नो स्वतन्त्रता, निष्ठा, विश्वसनीयता, व्यावसायिकता र मूल्य-मान्यतामा आँच आउन नदिई सार्वजनिक प्रशासनमा रहेका विकृति र समस्याहरू उपर कार्यान्वयनयोग्य सुझाउहरू प्रस्तुत गर्नेतर्फ ध्यान दिनु हुने नै छ ।

११. लेखापरीक्षणलाई गुणस्तरीय बनाई यसको प्रभाव अभिबृद्धि गर्न महालेखापरीक्षकको कार्यालयलाई कार्यगत, प्रशासनिक तथा वित्तीय स्वतन्त्रता आवश्यक पर्दछ। यस कार्यालयको कार्यगत स्वतन्त्रता भएतापनि इन्टोसाइको सिद्धान्त अनुसार प्रशासनिक तथा वित्तीय स्वतन्त्रता कायम हुन सकेको छैन। यसका लागि मेरो सधै साथ र सहयोग रहने कुरामा विश्वास दिलाउन चाहन्छु।

१२. लेखापरीक्षण पद्धतिमा समयसापेक्ष सुधार गर्नुपर्ने आवश्यकता समेत रहेको छ । अङ्क र प्रमाणमा मात्र सीमित रहनुका अलावा नतिजा र उपलब्धिमा केन्द्रित भई लेखापरीक्षण गर्नुपर्ने महशुस गरेको छु । लेखापरीक्षणले समस्यालाई मात्र उजागार गर्नु भन्दा विभिन्न विकल्पसहित समाधानमूलक र कार्यान्वयनयोग्य प्रतिवेदन गर्नुपर्ने आवश्यकता रहेको छ। सोको लागि विद्यमान लेखापरीक्षण विधि, प्रक्रिया तथा पद्धतिमा सुधार गर्दै जानुपर्ने देखिन्छ ।

१३. यसैगरी लेखापरीक्षण ऐन, २०७५ मा महालेखापरीक्षकले वार्षिक प्रतिवेदन मात्र नभई जुनसुकै बेला पनि प्रतिवेदन प्रस्तुत गर्न सक्ने व्यवस्था भएकोले राष्ट्रिय महत्त्व र सार्वजनिक चासोका विषयहरू तत्काल लेखापरीक्षण गरी

आवधिक रूपमा प्रतिवेदन गर्ने व्यवस्था मिलाएमा सोबाट सार्वजनिक वित्तीय व्यवस्थापनमा महत्त्वपूर्ण योगदान पुग्नेछ। त्यसतर्फ महालेखापरीक्षकज्यूले ध्यान दिनुहुनेछ भन्ने विश्वास छ। सो को लागि आवश्यक पर्ने स्रोत, साधन र जनशक्तिको उपलब्धतामा कमी नरहनेमा सार्वजनिक लेखा समिति विश्वस्त रहेको छ ।

१४. सार्वजनिक लेखासमिति र महालेखापरीक्षकको कार्यालयबिच कार्यसम्पादनका क्रममा समन्वय र सहकार्य हुँदै आएको छ। लेखापरीक्षणलाई गुणस्तरीय बनाई यसको प्रभाव अभिवृद्धि गर्न आगामी दिनमा समेत सोको निरन्तरता हुनेछ । कर्मचारीहरूको मनोबल उच्च राख्न तथा उत्प्रेरित तवरले काम गर्ने वातावरण निर्माण गर्न आवश्यक पर्ने साधन स्रोत तथा सुविधाका लागि समितिले सरकारसँग आवश्यक पहल गर्ने विश्वास दिलाउन चाहन्छु ।

१५. महालेखापरीक्षकको कार्यालयको ६८औँ वार्षिक उत्सवका अवसरमा सञ्चालित विभिन्न प्रतियोगिताका विजेता, रक्तदानकार्यक्रममा सहभागी कर्मचारी तथा उत्कृष्ट कार्यसम्पादन गरी पुरस्कृत हुनुभएका कर्मचारीहरूलाई हार्दिक बधाई व्यक्त गर्दछु।

१६ अन्त्यमा, यस कार्यक्रममा आमन्त्रण गर्नुभएकोमा महालेखापरीक्षकको कार्यालय प्रति धन्यवाद व्यक्त गर्दै आफ्नो मन्तव्य यहीं टुङ्गयाउँछु।

वार्षिकोत्सव मूल समारोह प्रमुख अतिथि यस कार्यक्रममा प्रतिनिधिसभाका सम्माननीय सभामुख श्री डोलप्रसाद अर्यालज्यूले दिनुभएको मन्तव्य



यहाँ उपस्थित सम्पूर्ण महानुभावहरू,

१. मुलुकको सार्वजनिक वित्तीय व्यवस्थापनको पहरेदारी गर्ने यस महालेखापरीक्षकको कार्यालयको ६८ औँ वार्षिकोत्सव समारोहमा मलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गर्नुभएकोमा महालेखापरीक्षक लगायत महालेखापरीक्षकको कार्यालय परिवारप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

२. सरकार र सार्वजनिक निकायमा जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने उद्देश्यले विक्रम संवत् २०१६ सालमा स्थापित यस कार्यालयले स्थापना कालदेखि नै आफ्नो सान्दर्भिकता प्रस्तुत गर्दै आइरहेको हुँदा नै आजपनि यसको महत्व अक्षुण्ण रहेको छ । संस्थाको गरिमालाई उँचो बनाउन भूमिका निर्वाह गर्नुहुने अग्रजहरू तथा हाल यस कार्यालयमा कार्यरत सबै कर्मचारीहरूको उच्च कदर गर्दछु।

३. महालेखापरीक्षकको काम, कर्तव्य र अधिकार नेपालको संविधानले नै सुनिश्चित गरेको छ। संविधानको धारा २४० र २४१ मा रहेको व्यवस्था बमोजिम महालेखापरीक्षकले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गरी लेखापरीक्षण गर्ने, धारा २९४ अनुसार राष्ट्रपति समक्ष वार्षिक प्रतिवेदन पेश हुने र उक्त प्रतिवेदन प्रधानमन्त्रीमार्फत संघीय संसदमा पेश हुने व्यवस्था छ। त्यसैगरी प्रदेशको वार्षिक प्रतिवेदन प्रदेश प्रमुख समक्ष पेश गर्ने र सो प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेश हुने गरेको छ । स्थानीय तहको सन्दर्भमा यस कार्यालयले स्थानीय तहका प्रमुख तथा अध्यक्षलाई लेखापरीक्षण प्रतिवेदन पेश गर्ने गरी कार्य व्यवस्थित गरेको छ ।

४. सार्वजनिक स्रोतको प्राप्ति, परिचालन तथा उपयोग र सोबाट प्राप्त नतिजाको स्वतन्त्ररुपमा मूल्याङ्कन गरी सोउपर देखिएका कैफियत औंल्याउने हुँदा यस कार्यालयले गर्ने कार्य सम्पादनलाई समेत सबै सरोकारवालाहरूले सुक्ष्म रूपमा हेरिरहेका हुन्छन्। सोको लागि यस संस्थाले संवैधानिक मर्मलाई आत्मसात गर्नुपर्ने हुन्छ । यस सन्दर्भमा आफ्नो भूमिका निर्वाह गर्दा यस कार्यालयले नै निर्धारण गरेका निष्ठा, स्वतन्त्रता, व्यावसायिकता, पारदर्शिता र जवाफदेहिता लगायतका मूल्य मान्यताहरूलाई मनन् गर्नुभएको छ र

आगामी दिनमा समेत गर्नुहुनेछ भन्नेमा म विश्वस्त छु ।

५. वर्षेनी करिब ६ हजार निकाय तथा कार्यालयहरूको लेखापरीक्षण निर्धारित समयमा सम्पन्न गर्नु भएको जानकारी पाउँदा खुशी लागेको छ । सीमित स्रोत साधनका बाबजुद देशका सबै भूभागमा स्थलगत रुपमा पुगी समयमा नै लेखापरीक्षण सम्पन्न गर्नुभएकोमा कार्यालयमा सबै कर्मचारीहरू धन्यवादका पात्र हुनुहुन्छ । तथापि समयक्रमसँगै सार्वजनिक निकायका आर्थिक क्रियाकलाप, कार्यसम्पादन तथा सेवाप्रवाहमा हुनसक्ने जोखिमका विषयहरू तथा क्षेत्रहरूमा समेत भिन्नता आएको छ । सोको अतिरिक्त बदलिदो परिवेश, सरोकारवालाको चासो र चेष्टा तथा जनताको आकांक्षालाई समेत दृष्टिगत गरी कार्यालयले आफ्नो कार्यसम्पादनलाई गुणस्तरीय तथा विश्वसनीय बनाउनु अपरिहार्य हुन्छ । यसका लागि लेखापरीक्षण कार्य प्रक्रिया, विधि, पद्धति र प्रकारलाई समय सापेक्षरुपमा परिमार्जन गर्दै जानुहुनेछ र सोबाट सकारात्मक नतिजा प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

६. बेरुजु सम्भवतः कसैलाई पनि प्रिय लाग्ने शब्द होइन। तथापि, महालेखापरीक्षकको ६३ औं वार्षिक प्रतिवेदन पल्टाउँदा २०८१।८२ मा मात्र रु.८८ अर्ब ९ करोड बेरुजु देखिएको छ भने हालसम्मको अद्यावधिक बेरुजु रु. ७ खर्ब ५५ अर्ब १७ करोड पुगेको देखिन्छ । बढी भुक्तानी गर्दा, कम राजस्व असुल गर्दा, कानुनको परिपालना नगर्दा, आवश्यक प्रमाण पुष्ट्याइँ बेगर आर्थिक कारोबार गर्दा तथा तोकिएको समयमा पेश्की फर्स्यौट नगर्दा बेरुजुमा वृद्धि भएको देखिन्छ । बेरुजुका विषयलाई अध्ययन गर्दा महालेखापरीक्षकले औंल्याएका विषयमा सुधार नभएको र वर्षेनी सोही प्रकृतिका बेरुजु आइरहेको देखिन्छ । यस्तो प्रवृत्तिलाई वित्तीय अनुशासन र सुशासनको दृष्टिकोणबाट क्षम्य मान्न सकिँदैन। तसर्थ औंल्याइएका बेरुजूको फर्स्यौट तथा सम्परीक्षण समयमा नै गर्न तथा आगामी दिनमा बेरुजु नै नआउने गरी कार्य गर्न तीनै तहका सरकार, लेखाउत्तरदायी अधिकृत एवम् जिम्मेवार पदाधिकारीहरूको भूमिका प्रभावकारी हुनुपर्ने तथा आफूले सम्पादन गरेका कार्यप्रति जिम्मेवार र जवाफदेही हुनुपर्ने आवश्यकता रहेको मैले महशुस गरेको छु । यस कार्यालयले समेत सबै पक्षसँग समन्वय र सहकार्य गरी आर्थिक अनुशासन कायम गर्न सकारात्मक भूमिका खेल्नेमा म विश्वस्त छु ।

७. महालेखापरीक्षकको कार्यालयले आफ्नो वार्षिक प्रतिवेदनमा शासकीय प्रबन्ध, अर्थतन्त्र, सार्वजनिक वित्त व्यवस्थापन, विकास व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासन क्षेत्रमा गर्नुपर्ने सुधारका क्षेत्रहरू पहिचान गरी सुझाउहरू पेस गरेको छ। उक्त सुझाउहरूको प्रभावकारी कार्यान्वयन भएमा वित्तीय अनुशासन कायम राख्न तथा जवाफदेहिता अभिवृद्धि गर्न सहयोग पुग्ने विश्वास लिएको छु ।

८. प्रतिनिधि सभाको सार्वजनिक लेखा समिति केही समय अगाडि गठन भएको छ। महालेखापरीक्षकको कार्यालयको विगतका केही वार्षिक प्रतिवेदन लेखा समितिमा छलफल हुन बाँकी रहेको मलाई जानकारी रहेको छ। वार्षिक प्रतिवेदनमा उठाइएका विषयमा सो समितिले व्यापकरुपमा छलफल गरी टुंगो लगाउने हुँदा प्रतिवेदनका विषयहरूको समयमा नै छलफल गर्न सार्वजनिक लेखा समितिले सक्रियता लिनेमा म विश्वस्त छु ।

९. सीमित सार्वजनिक स्रोतको प्रभावकारी उपयोग मार्फत वृहत् जनचाहनाहरूको सम्बोधन गर्नुपर्ने अवस्था रहेको छ । सार्वजनिक निकाय तथा संस्थाहरूको सञ्चालन खर्चमा बढोत्तरी भइरहँदा पुँजी निर्माण र पुँजीगत सुधारका कार्यहरूमा गर्नुपर्ने लगानीमा न्यूनता आएको छ। त्यस्तै सार्वजनिक क्षेत्रमा भएका अनावश्यक, अनुत्पादक एवं दोहोरो खर्च तथा स्रोतको हिनामिना, मस्यौट, दुरुपयोग रोक्नु पर्ने अवस्था छ। साथै, पछिल्लो समयमा सूचना प्रविधिको बढ्दो प्रयोगसँगै सोबाट हुने अनियमितताहरू समेत बढ्दै गएका छन्। यसका लागि महालेखापरीक्षकको कार्यालयले नयाँ विधि तथा प्रविधिको उपयोगमार्फत त्यस्ता विषयहरूमा गहिरो अध्ययन गरी कार्यान्वयनयोग्य सुझाव पेश गर्नुपर्ने हुन्छ।

१०. सार्वजनिक क्षेत्रको लेखापरीक्षण गर्न सञ्चालनमा ल्याइएका आधुनिक प्रविधि तथा प्रणाली एवं अहिलेको समयमा चर्चामा रहेको कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) समेतको अध्ययन गर्दै यस कार्यालयमा सञ्चालनमा रहेको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको परिमार्जन गर्नुका साथै अन्य कम्प्युटर एसिस्टेड अडिट टूल्सहरूको प्रयोग गरी जनशक्तिको क्षमता विकास गर्दै संस्थागत र प्रणालीगत क्षमतामा अभिवृद्धि हुनु पर्ने महशुस गरेको छु ।

११. कार्यालयले नेपाल सरकारी लेखापरीक्षण मान लागु गरी सो अनुसार लेखापरीक्षण मार्गदर्शन र निर्देशिकाहरू जारी गरेको मलाई जानकारी छ। जारी गरिएका मार्गदर्शन र निर्देशिकाको पालना गरी लेखापरीक्षण गरेमा कार्यालयको समग्र कार्यसम्पादन गुणस्तरीय हुने मैले विश्वास लिएको छु। त्यसैगरी कार्यालयका सवल तथा दुर्वल पक्ष, समस्या तथा चुनौती पहिचान गरेपश्चात् सोको सम्बोधन गरी कार्यालयको रणनीतिक योजना २०८२/८३-२०८६/८७ कार्यान्वयनमा

रहेको छ । यसका लागि कर्मचारीको क्षमता विकास, असल अभ्यासहरूको अनुशरण र उपयुक्त कार्यवातावरणको समेत आवश्यकता पर्दछ। यस कार्यालयको कार्यसम्पादन सफलताका लागि संघीय संसदले सदैव आवश्यक सहयोग प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

१२. अनुशासित तथा लगनशील भई उत्कृष्ट कार्यसम्पादन गरेवापत कार्यालयको यस ६८औं वार्षिक उत्सवका अवसरमा पुरस्कृत हुनुभएका कार्यालयका राष्ट्रसेवक कर्मचारीहरूलाई हार्दिक बधाई दिन चाहन्छु ।

१३. उच्च गुणस्तरीय सार्वजनिक लेखापरीक्षणमार्फत यस देशका नागरिकहरूको हितका लागि सुशासन कायम गरी संवैधानिक दायित्व पुरा गर्न महालेखापरीक्षकको कार्यालय स्वतन्त्र, भरपर्दो र अडिग निकायको रुपमा रहीरहोस् भन्ने शुभकामना सहित आजको यस गरिमामय वार्षिक उत्सव समारोहमा मलाई आमन्त्रण गर्नुभएकोमा पुनः आभार व्यक्त गर्दछु ।

कार्यालयको ६८औँ वार्षिकोत्सव समारोहको समापनमा उपमहालेखापरीक्षक श्री बिन्दु विष्टज्यूले राख्नुभएको मन्तव्य

उपस्थित सम्पूर्ण महानुभावहरू, हार्दिक नमस्कार,

सर्वप्रथम, महालेखापरीक्षकको कार्यालयको ६८औँ वार्षिकोत्सव समारोहलाई यहाँहरूको गरिमामय उपस्थितिले ओजपूर्ण बनाएकोमा म आफ्नो र कार्यालयका तर्फबाट सबै अतिथिज्यूहरू प्रति हार्दिक आभार व्यक्त गर्दछु।

यस ६८औँ वार्षिकोत्सव समारोहमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी लेखापरीक्षण र लेखापरीक्षण व्यवस्थापनमा उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई सम्मान तथा प्रमाणपत्र वितरण, पूर्व उपमहालेखा श्री पदमदयाल बादे श्रेष्ठज्यूलाई दीर्घजीवी लेखापरीक्षण सम्मान प्रदान एवं शुभकामना मन्तव्यका लागि प्रमुख अतिथि सम्माननीय सभामुख श्री डोलप्रसाद अर्यालज्यू प्रति प्रति हार्दिक धन्यवाद सहित कृतज्ञता व्यक्त गर्दछु।

विषेश अतिथिका रुपमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी ५८ वर्ष उमेर हदका कारण आजबाट सेवा निवृत हुने निर्देशक श्री कृष्ण प्रसाद ज्ञवालीलाई सम्मानका लागि एवं आजको समारोहमा शुभकामना मन्तव्यका लागि सार्वजनिक लेखा समितिका माननीय सभापति श्री भरत बहादुर खड्काज्यू प्रति पनि हार्दिक धन्यवाद सहित आभार व्यक्त गर्दछु ।

त्यसै गरी आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षणबाट लगती वेरुजु शुन्य हुने ३ वटा स्थानीय तहका प्रमुखज्यूलाई आज सार्वजनिक लेखा समितिको माननीय सभापतिज्यूबाट सम्मानित गरिएको छ। आर्थिक अनुशासनको पालनामा अनुकरणीय कार्य सम्पादन गर्नुभएकोमा ३ वटै पालिकाको पदाधिकारी र कर्मचारीहरूप्रति विशेष बधाई धन्यवाद व्यक्त गर्दछु।

माननीय महालेखापरीक्षकज्यूले आफ्नो मन्तव्यमार्फत यस कार्यालयले विगत वर्षभरि सम्पादन गरेका लेखापरीक्षण कार्य, हासिल गरेका उपलब्धि र आगामी दिनका लागि अवलम्बन गरिने नीति, योजना तथा सुधारका कार्यदिशाहरू विस्तृत रूपमा प्रस्तुत गरिसक्नुभएको छ। ती मार्गनिर्देशनहरू हामी सबैका लागि प्रेरणा दायी र दिशाबोधक रहेका छन् ।

सार्वजनिक स्रोत साधनको प्राप्ति, उपयोग र उपलब्धिको स्वतन्त्र, निष्पक्ष र वस्तुपरक लेखापरीक्षणमार्फत वित्तीय अनुशासन, पारदर्शिता र सुशासन प्रवर्धन गर्ने यस कार्यालयको दायित्वलाई थप प्रभावकारी बनाउन माननीय महालेखापरीक्षकज्यूको नेतृत्वमा हामी सबै प्रतिबद्ध छौं ।यस मार्ग निर्देशनका लागि माननीय महालेखापरीक्षकज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस अवसरमा दीर्घसेवा सम्मान तथा विभिन्न पुरस्कारबाट सम्मानित हुनुभएका सम्पूर्ण सहकर्मीहरूलाई हार्दिक बधाई दिन्छु। साथै, दीर्घजीवी लेखापरीक्षण सेवा सम्मानबाट सम्मानित पूर्व उपमहालेखापरीक्षकज्यूप्रति उच्च सम्मान व्यक्त गर्दै उहाँको स्वस्थ, सुखमय र दीर्घायुको कामना गर्दछु ।

अन्त्यमा, यहाँहरू सबैको निरन्तर सहयोग, सद्भाव र मार्गनिर्देशनबाट यस कार्यालयले आगामी दिनमा थप जनविश्वास र साख आर्जन गर्दै सार्वजनिक क्षेत्रको लेखापरीक्षणलाई अझ प्रभावकारी बनाउने विश्वास लिँदै ६८ औं वार्षिकोत्सव समारोहलाई सफल बनाउन हाम्रो निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुन भएका प्रमुख अतिथि, विशेष अतिथिहरू, सम्पूर्ण आमन्त्रित महानुभावहरू, सञ्चारमाध्यमका मित्रहरू तथा अहोरात्र खटिनुहुने मूल समारोह समिति र सम्बद्ध सम्पूर्ण सहकर्मीहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

उपमहालेखापरीक्षक श्री पदमराज पौडेलज्यूले राख्नुभएको स्वागत मन्तव्य

यहाँहरू सबैलाई हार्दिक नमस्कार,

सर्वप्रथम, सार्वजनिक वित्तीय अनुशासन, पारदर्शिता, जवाफदेहिता तथा सुशासनको प्रवर्द्धन गर्ने संवैधानिक दायित्व बोकेको महालेखापरीक्षकको कार्यालय स्थापना भएको ६८औं वार्षिकोत्सवको गौरवपूर्ण अवसरमा यहाँहरू सम्पूर्णलाई हार्दिक स्वागत, सम्मान तथा शुभकामना व्यक्त गर्दछु।

नेपालमा सार्वजनिक लेखापरीक्षणको इतिहास निकै लामो र गौरवपूर्ण रहेको छ। वि.सं. १८२८ वैशाख ६ गते राज्यको आम्दानी तथा खर्चको परीक्षण गरी हिसाब किताब व्यवस्थित राख्ने उद्देश्यले कुमारीचोक अड्डाको स्थापना भएको थियो। त्यसपछि अन्तरिम शासन विधान, २००७ मा महालेखापरीक्षकको व्यवस्था गरिए तरपनि कार्यालयको संस्थागत स्थापना हुन सकेको थिएन। नेपाल अधिराज्यको संविधान, २०१५ बमोजिम वि.सं. २०१६ सालमा महालेखापरीक्षकको नियुक्तिसँगै यस कार्यालयको औपचारिक स्थापना भई कर्मचारी सम्बन्धी नियमावली, २०१८ लागू भएपछि कार्यालयले नियमित रूपमा लेखापरीक्षण प्रारम्भ गरी वि.सं. २०२० सालमा पहिलो वार्षिक प्रतिवेदन पेश गरेको थियो। त्यसयता हालसम्म ६३ वटा वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रप्रमुखज्यू समक्ष पेश भइसकेका छन् र वर्तमान महालेखा परीक्षकज्यू सहित १२ जना महालेखा परीक्षकज्यूहरूको नेतृत्वमा कार्यालयले आफ्नो गौरवपूर्ण यात्रा निरन्तर अघि बढाइरहेको छ।

संविधान तथा लेखापरीक्षण ऐन, २०७५ ले प्रदान गरेको अधिकार र जिम्मेवारी अनुसार यस कार्यालयले संघ, प्रदेश र स्थानीय तहका सरकारी निकाय, संवैधानिक निकाय, सार्वजनिक संस्थान तथा सार्वजनिक कोषको प्रयोग गर्ने निकायहरूको वित्तीय, अनुपालन, कार्यमूलक तथा विषयगत लेखापरीक्षण मार्फत सार्वजनिक स्रोत-साधनको मितव्ययी, दक्ष, प्रभावकारी र कानुनसम्मत उपयोग सुनिश्चितताका लागि निरन्तर भूमिका निर्वाह गर्दै आएको छ।

सार्वजनिक निकायमा वित्तीय अनुशासन कायम गराउने, अनियमितता न्यूनीकरण गर्ने, बेरुजु फछर्योटलाई प्रभावकारी बनाउने, प्रचलित कानुन तथा निर्णयहरूको पालना गराउने, सार्वजनिक निकायको कार्यसम्पादनमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता तथा मूल्यको सार्थकता (Value for Money) सुनिश्चित गर्ने, वित्तीय प्रतिवेदनप्रतिको विश्वसनीयता अभिवृद्धि गर्ने, सार्वजनिक जवाफदेहिता सुदृढ गर्ने तथा सुशासनको संस्कृतिलाई संस्थागत बनाउने हाम्रो प्रमुख दायित्व हो।

सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा बढ्दो जटिलता, नागरिकको अपेक्षामा आएको विस्तार तथा डिजिटल शासन प्रणालीको विकाससँगै लेखापरीक्षण प्रणालीलाई पनि समयानुकूल, प्रविधिमैत्री, जोखिममा आधारित तथा लेखामानका मानकको पालनामा वृद्धीगर्दै लेखापरीक्षणको गुणस्तर अन्तर्राष्ट्रिय प्रचलन अनुरुपको बनाउनुपर्ने आवश्यकता झन् बढ्दै गएको छ। यस सन्दर्भमा कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) ले प्रतिपादन गरेका लिमा तथा मेक्सिको घोषणापत्रका सिद्धान्तहरू तथा अन्तर्राष्ट्रिय लेखापरीक्षण मानदण्डलाई आत्मसात् गर्दै संगठनात्मक, कार्यात्मक, प्रशासनिक तथा वित्तीय स्वतन्त्रतालाई थप सुदृढ बनाउने दिशामा निरन्तर कार्य गरिरहेको छ।

कार्यालयले सूचना तथा सञ्चार प्रविधिको अधिकतम उपयोग गर्दै नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) कार्यान्वयनमा ल्याएको छ। यस प्रणालीमार्फत विद्युतीय माध्यमबाट लेखापरीक्षण सञ्चालन, प्रतिवेदन व्यवस्थापन तथा अभिलेख प्रणालीलाई थप व्यवस्थित बनाइएको छ। साथै, प्रदेश तथा स्थानीय तहमा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन यसै वर्षदेखि प्रदेश कार्यालयहरूको स्थापना गरी लेखापरीक्षण सेवाको पहुँच विस्तार गरिएको छ।

यसका अतिरिक्त INTOSAI Development Initiative (IDI) ले विकास गरेको Leveraging on Technological Advancement (LOTA) Scan tools को प्रयोगमार्फत डिजिटल लेखापरीक्षणको स्तर अभिवृद्धि गर्ने तथा Equal Future Audits अवधारणाअनुसार गरिबी, लैङ्गिक असमानता, जातीय विभेद, अपाङ्गता, बसाईंसराइ, बेरोजगारी तथा समाजमा पछाडि परेका बर्गहरूको हितसँग सम्बन्धित सार्वजनिक नीतिको प्रभावकारितासमेत मूल्याङ्कन गर्ने दिशामा कार्यालय अग्रसर रहेको छ।

यद्यपि, कर्मचारीको व्यावसायिक क्षमता विकासका सीमित अवसर, बहुविषयगत जनशक्तिको अभाव, प्रदेश कार्यालयहरूको भौतिक पूर्वाधार व्यवस्थापन, स्थानीय तहसम्म गुणस्तरीय लेखापरीक्षण सेवा विस्तार, सीमित स्रोत-साधन, लेखापरीक्षण प्रतिवेदनका सुझाव कार्यान्वयनमा सरोकारवाला निकायको अपेक्षित प्राथमिकताको कमी, कानुनी अस्पष्टताका कारण लेखापरीक्षण अभ्यासमा एकरूपता कायम गर्न निरन्तर सुधारको आवश्यकता रहेको र सार्वजनिक वित्त व्यवस्थापन प्रणालीसंग अनुकुल गर्दै जानुपर्ने चुनौतीहरू अझै विद्यमान छन्।

यो वर्ष कार्यालयले संघ, प्रदेश, स्थानीय तह तथा सार्वजनिक संस्थासहित ५ हजार ५२६ निकायको करिब ९४ खर्ब रुपैयाँ बराबरको आर्थिक कारोबारको लेखापरीक्षण गरेको छ। कार्यालयको स्वीकृत दरबन्दी ६३९ रहेको भए पनि सीमित जनशक्ति, व्यावसायिक लेखापरीक्षक तथा चार्टर्ड एकाउन्टेन्टहरूको सहयोगमा यो महत्वपूर्ण जिम्मेवारी सम्पादन भइरहेको छ।

लेखापरीक्षण ऐन, २०७५ को दफा ४ बमोजिम आर्थिक कारोबार तथा त्यससँग सम्बन्धित कियाकलापको परीक्षण गरी तथ्य, विश्लेषण तथा सुझावसहित प्रतिवेदन प्रस्तुत गर्ने संबैधानिक जिम्मेबारीअनुसार आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण सम्पन्न गरी ६३ औं वार्षिक प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा चालु वर्ष रु.

८८ अर्ब बेरुजु कायम भएको र हालसम्मको कुल बेरुजु करिब रु. ७ खर्ब ५५ अर्ब पुगेको छ। यसलाई समयमै फछर्योट गर्नु संघ, प्रदेश तथा स्थानीय सरकार, सार्वजनिक संस्था, सार्वजनिक लेखा समिति तथा सम्बन्धित सबै निकायको साझा दायित्व र जिम्मेवारी हो।

संस्थाको ६८ वर्षे यात्रामा प्राप्त उपलब्धिहरू हाम्रो सामूहिक प्रयास, समर्पण र विश्वासको परिणाम हुन्। यस क्रममा विगतका ४ वटा रणनीतिक योजना तथा अन्य सुधारका कार्य कार्यान्वयन गरी कार्यालयको संस्थागत विकास, व्यावसायिक उत्कृष्टता तथा सार्वजनिक वित्तीय सुशासन प्रबर्द्धनमा योगदान पुऱ्याउनुहुने पूर्व महालेखापरीक्षकज्यूहरू, पूर्व तथा वर्तमान कर्मचारीहरू, लेखापरीक्षण व्यवसायसँग आबद्ध संस्था, विकास साझेदार, सार्वजनिक निकाय तथा सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक सम्मान र कृतज्ञता व्यक्त गर्दछु। यसै गरी हालको पाचौं रणनीतिक योजना २०८२।८३ देखि २०८६।८७ मा प्रविधिको लाभ उठाउदै लेखापरीक्षण प्रकियालाई सुदृढ गर्ने, पेशागत क्षमतामा अभिवृद्धि गर्ने, लेखापरीक्षणको गुणस्तर र प्रभाव अभिवृद्धी गर्ने, सरोकारवालाहरूसँगको समन्वय र सहकार्य सुदृढ बनाउने, आन्तरिक सुशानमा सुधार ल्याउने लगायतका ६ वटा लक्ष्य अन्तर्गत १९ उद्देश्य सहित १४१ क्रियाकलाप सञ्चालन गर्ने लक्ष्य छ । यस रणनीतिक लक्ष्य प्राप्तीका लागि कार्यालयले विभिन्न क्रियाकलापहरू सञ्चालन गरिरहेको छ ।

आजको यस ऐतिहासिक समारोहमा आफ्नो अत्यन्त व्यस्त समयका बाबजुद पनि उपस्थित भई कार्यक्रमको गरिमा अभिवृद्धि गरिदिनुहुने सम्माननीय प्रमुख अतिथि, विशिष्ट अतिथिहरू तथा सम्पूर्ण महानुभावहरूप्रति महालेखापरीक्षकको कार्यालयका तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु। यहाँहरूको अमूल्य मार्गदर्शन, सहयोग, विश्वास तथा रचनात्मक सुझावले सार्वजनिक वित्तीय सुशासनलाई अझ प्रभावकारी, उत्तरदायी तथा परिणाममुखी बनाउन प्रेरणा प्रदान गर्ने विश्वास लिएको छु।

अन्त्यमा, महालेखापरीक्षकको कार्यालयको ६८औं वार्षिकोत्सवले सार्वजनिक वित्तीय अनुशासन, पारदर्शिता, जवाफदेहिता, सुशासन तथा संस्थागत सुदृढीकरणप्रति हाम्रो साझा प्रतिबद्धतालाई अझ बलियो बनाउने विश्वास व्यक्त गर्दै यहाँ उपस्थित सम्पूर्ण महानुभावहरूलाई पुनः हार्दिक स्वागत तथा धन्यवाद ज्ञापन गर्दछु।

कार्यक्रमको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दै आफ्ना




महालेखापरीक्षकको कार्यालय


महालेखापरीक्षकको कार्यालय


महालेखापरीक्षकको कार्यालय


महालेखापरीक्षकको कार्यालय



महालेखापरीक्षकको कार्यालयको प्रदेश कार्यालयहरू स्थापना

मिति २०८२।९।२१ मा स्वीकृत कार्यालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार २०८३ आषाढमा महालेखापरीक्षकको कार्यालयको प्रदेश कार्यालयहरू स्थापना गरिएको छ । स्वीकृत संगठन संरचना अनुसार बाग्मती प्रदेशमा ५४ र अन्य ६ प्रदेशहरूमा ११ दरबन्दीको व्यवस्था छ।

प्रदेश सभा तथा प्रदेश सभाको सार्वजनिक लेखासमितिसँग कार्यालयको काम कारबाहीको सन्दर्भमा समन्वय गर्ने, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहहरूको बेरुजु सम्परीक्षणमा सहजीकरण गर्ने लगायतका कार्य जिम्मेवारी प्रदेशस्थित कार्यालयहरूलाई तोकिएको छ ।

हाल प्रदेश कार्यालयहरू निम्नानुसारका कर्मचारीको नेतृत्वमा रहेका छन् :-

क्र.स.	प्रदेश	कार्यालय प्रमुखको पद नाम
१	कोशी प्रदेश	निर्देशक श्री नन्दप्रसाद भट्टराई
२	मधेश प्रदेश	निर्देशक श्री जनार्दन घिमिरे
३	बाग्मती प्रदेश	नायब महालेखापरीक्षक श्री घनश्याम काफ्ले
४	गण्डकी प्रदेश	निर्देशक श्री बुद्धिराज बसेल
५	लुम्बिनी प्रदेश	निर्देशक श्री नेत्रप्रसाद पौडेल
६	कर्णाली प्रदेश	निर्देशक श्री दिनेश मिश्र
७	सुदूरपश्चिम प्रदेश	निर्देशक श्री कुलचन्द्र भण्डारी







प्रतिनिधिसभाका सदस्यहरूसँग छलफल

माननीय महालेखापरीक्षकज्यूले २०८३ असार १६ गते प्रतिनिधिसभाका माननीय सदस्यहरूसँग छलफल गर्नुभएको छ। संघीय संसद सचिवलायको आयोजनामा संसदका सदस्यहरूलाई अभिमुखीकरण कार्यक्रमअन्तर्गत लेखापरीक्षण सम्बन्धमा **विद्यमान सरकारी लेखापरीक्षण र बेरुजु फर्स्यौटमा संसदको भूमिका** सम्बन्धमा माननीय महालेखापरीक्षकज्यूले प्रस्तुतीकरण गर्नुभएको थियो।



प्रस्तुतीकरणमा समेटिएका मुख्य विषयहरू देहायअनुसार छन् :

- लेखापरीक्षणको परिचय,
- महालेखापरीक्षकको काम कर्तव्य र अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था,
- महालेखापरीक्षकको ६३औं वार्षिक प्रतिवेदमा समावेश भएका मुख्य विषयहरू:
  - लेखापरीक्षण गरिएका निकायहरू,
  - लेखापरीक्षण गरिएको अंक,
  - लेखापीक्षणबाट देखिएको बेरुजु स्थिति,
  - अद्यावधिक बेरुजुको अवस्था,
  - बेरुजु देखिनुका कारणहरू,
  - बेरुजु न्युनीकरणका उपायहरू,
  - कार्यालयको सुधारका सम्बन्धमा गर्नुपर्ने कामको कार्ययोजना र सो को लागि संसदप्रति कार्यालयको अपेक्षा।

यस कार्यक्रममा प्रतिनिधिसभाका माननीय सांसदज्यूहरूले राख्नुभएको जिज्ञासाहरूको सम्बोधन माननीय महालेखापरीक्षकज्यूले गर्नुभएको थियो । मुख्य जिज्ञासाहरू निम्नानुसार रहेका थिए :

- महालेखापरीक्षकको कार्यालयको क्षमता विकास गर्न के गर्नुपर्छ?
- धेरै बेरुजु आउनुका कारण के के हुन् ?
- बेरुजु लेखन र वर्गीकरणमा एकरुपता रहेको देखिँदैन । यसमा सुधार गर्न के कस्तो प्रयास भइरहेको छ?
- लेखापरीक्षकहरूबाट एउटै विषयलाई फरक-फरक ढंगबाट व्याख्या हुनुको कारण के हो ?



माननीय महालेखापरीक्षकज्यूको शिष्टाचार भेटघाटका तस्विरहरू



सम्माननीय सभामुखज्यूसँग शिष्टाचार भेटमा माननीय महालेखापरीक्षकज्यू



सार्वजनिक लेखा समिति माननीय सभापतिज्यूसँग शिष्टाचार भेटमा माननीय महालेखापरीक्षकज्यू



गाउँपालिका राष्ट्रिय महासङ्घको अध्यक्षज्यूबाट स्थानीय तहको सम्बन्धमा सुझाव माननीय महालेखापरीक्षकज्यूसमक्ष प्रस्तुत



नेपाल मध्यस्थता परिषद्का अध्यक्ष डा. राजेन्द्रप्रसाद अधिकारीसँग भेटघाट



निर्माण व्यवसायी महासङ्घको नवनिर्वाचित प्रतिनिधिबाट माननीय महालेखापरीक्षकज्यूसँग शिष्टाचार भेटघाट



मध्यस्थकर्ता सम्बन्धी अध्ययन समितिको प्रतिवेदन माननीय महालेखापरीक्षकज्यू समक्ष पेस गर्नुहुँदै

यस अवधिमा स्वदेशमा तालिम कार्यक्रमसम्बन्धी विवरण

क्र.सं.	कार्यक्रम	कार्यक्रम सञ्चालन मिति	कर्मचारी सङ्ख्या
१	Training of Trainers Program	२०८२/१०/०६-०९	२ जना
२	EU Budget Support	२०८२/०७/१०	१ जना
३	परियोजना व्यवस्थापन र खरिद सम्बन्धी अभिमुखीकरण कार्यक्रम	२०८२/०६/१०	४ जना
४	Creating Gender Friendly Environment	२०८२/०८/०८-१२	२ जना
५	पर्वतारोहण सम्पर्क अधिकृत	२०८२/०८/१२-०७	१५ जना
६	फ्रन्ट डेस्कमा कार्यरत कर्मचारीको लागि सञ्चालित तालिम	२०८३/०२/१२ देखि असार ५	८ जना
७	अनवरत पेशागत शिक्षा	२०८३/०२/०४-१८	४१८ जना
८	पुनर्ताजगी कार्यक्रम	२०८३/०२/२५-२९	४ जना
९	अधिकृतस्तरीय सेवाकालीन तालिम	२०८३/०२/०६ देखि ०३/२२ सम्म	२१ जना
१०	सार्वजनिक खरिद सम्बन्धी अधिकृतस्तरिय अल्पकालीन तालिम	२०८३/०१/२७ देखि ०२/०१ सम्म	३ जना
११	6th Conference on Public Policy and Governance in South Asia	२०८२/१२/२६-२७	२ जना
१२	लेखापरीक्षण अधिकारी र अधिक्षक सेवा प्रवेश तालिम	२०८३/०२/१६-२०	२२ जना
१३	निर्देशक सेवाकालीन तालिम	२०८२/१२/१५	१ जना
१४	Workshop: Strengthening Budget Reliability in Nepal: Enhancing Allocation Efficiency for Optimal Public Resource Utilization	२०८२/१२/११	२ जना
१५	अभिमुखीकरण तालिम	२०८१/१०/२७	५ जना
१६	Canadian Audit and Accountability Foundation (CAAF)	२०८२/०२/१२	२० जना
१७	अन्तिम लेखापरीक्षण प्रतिवेदन (FAR) सम्बन्धी कार्यशाला	२०८३/०१/०९-१०	३३ जना
१८	NAMS तथा Legacy Data सम्बन्धी अभिमुखिकरण तालिम	२०८३/०२/२६	५६ जना
१०	वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति कार्यान्वयन कार्ययोजना (कार्यशाला)	२०८३/०३/११	१ जना
२०	वित्तीय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति कार्यान्वयन कार्ययोजना (कार्यशाला)	२०८३/११/८-९	१ जना
२१	वित्तिय व्यवस्थापन सुधार राष्ट्रिय रणनीति कार्यान्वयन कार्ययोजना (कार्यशाला)	२०८३/१२/९-१०	२ जना
२२	लैङ्गिक उत्तरदायी बजेट परीक्षणसम्बन्धी क्षमता विकास कार्यक्रम	२०८३/०३/१८-१९	१ जना
२३	स्थानिय तहको जनप्रतिनिधि र कर्मचारीलाई वित्तीय उतरदायित्व र बेरुजु व्यवस्थापन	२०८३/०२/१७-१८	१ जना
२४	अधिकृतस्तरीय सेवाकालीन र सेवा प्रवेश तालिम (स्रोत व्यक्ति)	२०८३/०१/२५	११ जना
	अभिमुखीकरण तालिम	२०८३/०२/११ बाट	१ जना

यस अवधिमा भएका वैदेशिक तालिममा कार्यालयको तर्फबाट सहभागिता

पद	कर्मचारीको नाम	कार्यक्रमको प्रकृति	देश	अवधी
निर्देशक	श्री यज्ञ प्रसाद राई	International Traning Program-Performance Audit	पाकिस्तान	१६ जनवरी-१३ फेब्रुअरी, २०२६
लेखापरीक्षक अधिकारी	श्री सुरेश लामिछाने			
निर्देशक	श्री कल्पना घिमिरे	International Traning Program on Information Systems Audit and Use of Emerging Technologies in Audit	भारत	९- २० मार्च, २०२६
नायव महालेखापरीक्षक	श्री प्रमोद के सी	Stakeholder Engagement Leadership Program	फिलिपिन्स	१६-२० मार्च, २०२६
निर्देशक	श्री रमेश सुवेदी			
निर्देशक	श्री तारा कुमार सुवेदी	BIMISTEC Audit	बंगलादेश	३० मार्च-२ अप्रिल, २०२६
निर्देशक	श्री रोशन दास	International Auditor Fellowship Pro-gramm	अमेरिका	१ अप्रिल - १ जुलाई, २०२६
निर्देशक	श्री सुदन कुमार पोखेल	JICA KCCP Course	जापान	१४ जुन -४ जुलाई, २०२६
लेखापरीक्षक अधिकारी	श्री शर्मिला बुढाथोकी			
नायव महालेखापरीक्षक	श्री चन्द्रकान्त भण्डारी	Subject Matter Expert for ASSOSAI Capacity Development Program (Course Design Phase)	जापान	१-१२ जुन, २०२६

हार्दिक श्रद्धाञ्जली
एवम्
हार्दिक समावेदना



जन्म मिति : १९७२ साल

स्वर्गारोहण : २०८२ माघ २९

स्व. कान्छी खवास

यस कार्यालयका सवारी चालक कुमार खवास तथा कार्यालय सहयोगी अक्षय खवासकी ममतामयी आमा स्व. कान्छी खवासको २०८२ माघ २९ गते असामयिक निधन भएकोमा गहिरो दु:ख व्यक्त गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना गर्दछौं । शोकसन्तप्त सम्पूर्ण परिवारप्रति भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दु:खद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।

महालेखापरीक्षकको कार्यालय परिवार

हार्दिक श्रद्धाञ्जली
एवम्
हार्दिक समावेदना



जन्म मिति : २०२६ माघ २५

स्वर्गारोहण : २०८३ वैशाख १२

स्व. केशव बहादुर ठकुरी

यस कार्यालयका कार्यालय सहयोगी स्व. केशव बहादुर ठकुरीको २०८३ वैशाख १२ गते असामयिक निधन भएकोमा गहिरो दु:ख व्यक्त गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दु:खद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।

महालेखापरीक्षकको कार्यालय परिवार

हार्दिक श्रद्धाञ्जली
एवम्
हार्दिक समावेदना



जन्म मिति :
१९९८ असोज १५

स्वर्गारोहण :
२०८३ वैशाख २१

स्व. यमकला भण्डारी

यस कार्यालयका लेखापरीक्षक अधिकारी राधा खरालकी पुजनीय सासुआमा स्व. यमकला भण्डारीको २०८३ वैशाख २१ गते असामयिक निधन भएकोमा गहिरो दु:ख व्यक्त गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दु:खद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।

महालेखापरीक्षकको कार्यालय
परिवार

हार्दिक श्रद्धाञ्जली
एवम्
हार्दिक समावेदना



जन्म मिति :
२०११ असोज ११

स्वर्गारोहण :
२०८३ वैशाख ३०

स्व. गायत्री सुवेदी

यस कार्यालयका निर्देशक श्री रमेश सुवेदीज्यूकी ममतामयी माता स्व. गायत्री सुवेदीको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दु:खद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।

महालेखापरीक्षकको कार्यालय
परिवार

हार्दिक श्रद्धाञ्जली
एवम्
हार्दिक समावेदना



जन्म मिति :
वि.सं. २०२४

स्वर्गारोहण :
वि.सं. २०८३

स्व. बामदेव शर्मा अधिकारी

यस कार्यालयका पूर्व कार्यवाहक महालेखापरीक्षक स्व. बामदेव शर्मा अधिकारीको ५९ वर्षको उमेरमा २०८३ जेठ ३० गते भएको असामयिक निधन प्रति दु:ख व्यक्त गर्दै दिवंगत आत्माको चीर शान्तिको कामना गर्दछौं । यस दु:खद घडीमा सम्पूर्ण शोकसन्तप्त परिवारप्रति भावपूर्ण समवेदना प्रकट गर्दै धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।

महालेखापरीक्षकको कार्यालय
परिवार

हार्दिक श्रद्धाञ्जली
एवम्
हार्दिक समावेदना



जन्म मिति :
१९९६ कार्तिक १०

स्वर्गारोहण :
२०८३ असार १८

स्व. लक्ष्मी भुषाल

यस कार्यालयका निर्देशक श्री शैलन्द्र भुषालकी ममतामयी माता स्व. लक्ष्मी भुषालको असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै सम्पूर्ण शोकसन्तप्त परिवारप्रति हार्दिक एवम् भावपूर्ण समवेदना प्रकट गर्दछौं । यस दु:खद घडीमा सबैमा धैर्यधारण गर्न सक्ने शक्ति प्रदान गरुन् भनी ईश्वरसँग प्रार्थना गर्दछौं ।

महालेखापरीक्षकको कार्यालय
परिवार